**प्रकाशक** : चिल्ड्रेन-नेपल
पोखरा–७, मासबार

**प्रकाशन तथा सम्पादन सल्लाहकार** : रामचन्द्र पौडेल

**प्रकाशन तथा सम्पादन संयोजन** : शिवशर्मा चापागाइ

**प्रकाशन तथा सम्पादन सहयोगीहरू** : डिल्ली प्रसाद शर्मा
शारदा शर्मा
कृष्ण पौडेल
प्रशान्त पौडेल
प्रेम प्रसाद पराजुली
दयाराज कट्टेल

**सर्वाधिकार** : © चिल्ड्रेन–नेपाल

(चिल्ड्रेन–नेपालको पूर्व लिखित स्वीकृति र सल्लाह लिई कुनै पनि संस्था/निकायले यस पुस्तकको पूरा वा आंशिक भाग पुन मुद्रण गर्न सक्नेछन् । जुनसुकै संस्था/निकायले स्रोत खुलाई यस पुस्तक प्रयोगमा ल्याउन तथा प्रचार प्रसार गर्न सक्नेछ ।)

**प्रकाशन मिति** : २०६७ जेठ (प्रथम संस्करण)
: दोस्रो संस्करण २०७०

**भाषा सम्पादक** : इश्वर घिमिरे

**कम्प्युटर** : प्रशान्त पौडेल

**मुद्रण** : रोजिना अफसेट प्रेस, पोखरा

# प्रकाशकीय

चिल्ड्रेन-नेपाल बाल अधिकार प्रबर्द्धन, शान्ति र सामाजिक परिवर्तनको सवालमा क्रियाशिल राष्ट्रिय गैर सरकारी संस्था हो । यसले बालबालिकासँगै समाजको सकारात्मक परिवर्तनमा विश्वास राख्दछ । यसले शोषण विभेद र हिंसाको संस्कृतिलाई न्याय, समानता र शान्तिको संस्कृतिमा रुपान्तरण गर्न चाहन्छ । वर्तमान समाजमा व्याप्त हिंसायुक्त संस्कृतिको जरो घर-परिवार, विद्यालय र समुदाय स्तरमा बालबालिकामाथि हुने विभेद, अपमान, हिंसा र दुर्व्यवहार नै हो भन्ने तथ्यमा विश्वास राख्दछ । यसले आफ्नो स्थापना वि.सं. २०५२ सालदेखि बालबालिकाको सुरक्षा, सहभागिता र समावेशी वातावरण प्रबर्द्धनको निम्ति विभिन्न अभ्यासहरू गर्दै आएको छ । आफ्नो संस्थामा बालबालिकाका निम्ति सुरक्षित र समावेशी वातावरण सुनिश्चित गर्न स्थानीय संस्था र विद्यालयबिच सहकार्य गर्दै अगाडि बढि रहेको छ । यसले आफ्नो विगतका कार्य अनुभवको आधारमा बालबालिकाको क्षेत्रमा कार्यरत अन्य गैरसरकारी सामाजिक संस्था/बाल संरक्षण संस्था तथा विद्यालयहरूलाई पनि बालबालिकाको निम्ति सुरक्षित र समावेशी वातावरण भएको आदर्श संस्थाको रूपमा विकसित हुन सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । नीति तथा परिपाटी समेत लिखित रूपमा तयार गरी कार्यान्वयन गर्न सहयोग गर्दै आएको छ । जसले गर्दा संस्थामा बालबालिकाको सुरक्षा र समावेशी सहभागिता प्रत्याभूत गर्नुका साथै स्वयं बालबालिकाहरूलाई ती अधिकारहरूमा अभ्यास गर्दै अगाडि बढ्ने वातावरण सिर्जना भएको पाइन्छ ।

कास्की, पर्वत र तनहुँ जिल्लाहरूका बाल कल्याण समिति तथा जिल्ला शिक्षा कार्यालयसँग समन्वय गर्दै प्रत्येक जिल्लामा २/२ वटा सामाजिक संस्था र २/२ वटा विद्यालयहरूलाई आदर्श विद्यालय स्थापना गर्न सहयोगको थालनी समेत गरेको छ ।

त्यसै क्रममा आफ्नो विद्यालयमा बाल सहभागितासम्बन्धी नीति विकास निर्देशिका तयार गर्न साझेदार विद्यालय तथा अन्य सरोकार सबैलाई सहयोग पुऱ्याउने स्पष्ट निर्देशिकाको अभाव पूर्ति गर्ने आवश्यकता परेको महसुस गरी यो पुस्तिका तयार पारिएको हो । यो निर्देशिकाले विद्यालय, सामाजिक संस्था तथा बालबालिकाप्रति सरोकार राख्ने सबै निकायहरूलाई आफ्नो संस्था बालबालिकाको निम्ति सुरक्षित र बाल सहभागिताका मूल्य मान्यता स्थापित बाल मैत्री अनुसारको संस्था बनाउन सहयोग पुग्ने छ भन्ने विश्वास राखिएको छ ।

अन्त्यमा, यस पुस्तिका प्रकाशनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न हुने बालबालिका, अभिभावक लगायत सम्पूर्ण महानुभाव र संस्था तथा निकायहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । आशा छ, यस दोस्रो संस्करणको यस पुस्तिकाले बालबालिकाहरूको सहभागिताको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल हुने छ ।

# शुभकामना



रामचन्द्र पौडेल, संस्थापक अध्यक्ष

घर परिवार, विद्यालय र समाजमा शान्तिको नेपाली संस्कृति विस्थापित भई हिंसाको संस्कृति स्थापित हुँदै गएको यस परिस्थितिमा बालबालिकाको संरक्षण र सहभागिताको मुद्दा ओझेलमा परेको छ । यस्तो संस्कृति स्थापित हुनु भनेको समाजमा हुने लडाइँ, झगडा, युद्ध र महामारीलाई प्रश्रय दिनु हो । अर्थात् हामी बढी असुरक्षित, अविश्वासी र आत्मघाती हुँदै जानु पनि हो । यस्तो परिस्थितिलाई मध्यनजर गरी मौलाउँदै गएको हिंसाको संस्कृतिलाई जरैदेखि हटाउँदै शान्तिको संस्कृतिलाई पुनर्स्थापित गर्न चिल्ड्रेन-नेपालले विद्यालय र संस्थाहरूमा बाल संरक्षण र सहभागिता सम्बन्धी नीति र प्रक्रियाको परिपाटी विकसित गर्ने निर्देशिका तयार गरेको छ ।

चिल्ड्रेन-नेपालले विगत १५ वर्षदेखि बाल संरक्षण र सहभागिताको क्षेत्रमा जनतासँग प्रत्यक्ष काम गरेको अनुभव र संसारमा विकसित भएका असल अभ्यासहरूको अध्ययनबाट विगत तिन वर्ष देखि संस्थाको आफ्नै नीति, प्रक्रिया, परिपाटी विकसित गरी कार्यान्वयन गर्दै आएको छ । उक्त नीति र प्रक्रिया निर्माणको क्रममा हामीले बालबालिका, तिनका परिवार र शक्ति संरचना तथा सरोकारवालाहरूसँग निरन्तर अन्तरक्रिया, कार्यशाला र छलफल गरी करीव दुई वर्षको अवधि लगाएका थियौं । यस्तो प्रक्रिया अवलम्बन गर्दा हामीले हाम्रो असल नीति र प्रक्रिया मात्र बनाएनौ । हामीले हाम्रा सदस्य तथा कार्यकर्ताहरूमा लुकेर वसेको खराब बानीलाई समेत माझ्ने र शुद्धिकरण गर्ने अवसर पायौं । यसैका कारण हामी अब गर्व साथ भन्दछौं “हामी र हाम्रो संस्था बालबालिकाको निम्ति सुरक्षित छ र उनीहरूको आत्म सम्मान गर्दछ ।”

मानिसहरूको मन मस्तिष्कमा झाङ्गिएर बसेको हिंसाजन्य बानीलाई हटाएर शान्तिपूर्ण र सकारात्मक सोच विकास गर्ने कुरा चुनौतीपूर्ण छ । स्वयं व्यक्तिले यस्तो मानव विरोधी बानीको पहिचान गरी स्वचेतनाको आधारमा कमी गर्दै लैजानु पर्छ । यस्तो अवस्थामा व्यक्तिलाई त्यस्तो क्रममा विकसित हुन घर परिवार, विद्यालय र संस्थामा स्थापित परिपाटिले सहयोग गर्न सक्दछ । यसैले बालबालिका र प्रौढ दुवैले खराव बानी हटाउने अभ्यास नगरेसम्म नीति र परिपाटीले मात्र काम गर्दैन । नीति र परिपाटी त एक सहायक हुन सक्छ । “असल जीवन ज्युँने र अरुको निम्ति उपयोगी हुने” निर्णय गर्ने अधिकार स्वयं व्यक्तिमा नै निहित हुन्छ ।

बाल सहभागिता नीति विकाससम्बन्धी यस निर्देशिका तयार गर्न संलग्न भै योगदान गर्ने विशेष गरी श्री सिद्ध बराह उ.मा.वि., कास्की, श्री टप्स उ.मा.वि.कास्की, हिमाली बाल कल्याण संरक्षण मञ्च (बाल गृह) कास्की, माछापुच्छ्रे विकास सङ्घ कास्की, सिड-नेपाल पर्वत, नेष्डो-नेपाल पर्वत, श्री भवानी विद्यापीठ उ.मा.वि. पर्वत, श्री जनजागृति उ.मा.वि. पर्वत, क्यामिन उ.मा.वि. तनहुँ, श्री सर्वोज्योति मा.वि. तनहुँ, निडा तनहुँ जस्ता साझेदार संस्था ए.सी. इन्टरनेशनल चाइल्ड सपोर्ट डेनमार्क प्रति हार्दिक आभार व्यक्त गर्दछु । आशा छ, यस दोस्रो संस्करणको निर्देशिकाले आफ्नो विद्यालयमा बाल सहभागितासम्बन्धी नीति विकास गर्न बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने सबै निकायहरूको निम्ति एक उपयोगी सामग्री सिद्ध हुन सक्ने छ । यस पुस्तिकालाई आधार बनाई आफ्नो विद्यालयलाई बालबालिकाको सुरक्षा र सहभागिताप्रतिको प्रतिबद्धता व्यक्त गर्ने महत्त्वपूर्ण सामग्री हुने छ भन्ने मैले विश्वास लिएको छु ।

देशमा दिगो शान्ति स्थापना गर्ने काममा हामी सबै असल नागरिक र अरूको निम्ति उपयोगी व्यक्ति वन्न सकौं । यहि मेरो शुभकामना !

# विषयसूची

| विषय | पृष्ठ सङ्ख्या |
|---|---|

## खण्ड क

### १. बालसहभागिता


२.१ बाल सहभागिता के हो ? १-२

२.२ बाल सहभागिताको अभ्यासबाट हुने फाइदा तथा उपदेयताहरू ३-७

२.३. बाल सहभागिताका मूल्य मान्यता, सिद्धान्त र मापदण्डहरू ८-९

२.४. बाल सहभागिताको सम्बन्धमा भएका असल प्रयास, विकृति र चुनौतीहरू ९-१६

२.५. बाल सहभागितासम्बन्धी कानूनी तथा नीतिगत आधारहरू १६-१७

२.६. बाल सहभागिताका न्यूनतम मापदण्डहरू/आधारहरू १७-१९

२.७. बाल सहभागिता प्रबर्द्धनको सबालमा बिर्सन नहुने महत्त्वपूर्ण ६ पक्षहरू २०

२.८ बाल सहभागिताका विभिन्न चरण/तहहरू २१-२३

२.९. बाल सहभागितासम्बन्धी केही शैलीहरू २४

२.१० बाल सहभागिताका क्षेत्र/सबालहरू २५-२६

२.११ बाल सहभागिता सम्वन्धी नीतिहरु २६-३४

२.१२.बाल सहभागिता सुनिश्चित गर्न अपनाइने व्यवहार निर्देशिका ३५-३६

२.१३.बाल सहभागिता सुनिश्चित गर्ने न्यूनतम मापदण्ड पूरा गर्ने हाम्रा नीतिहरू तथा प्रतिबद्धताहरू ३७-४२

२.१४.विद्यालयले बाल सहभागिता प्रबर्द्धन गर्न गर्नु पर्ने कार्यहरू (चरणबद्ध रूपमा) ४२


### २. नीतिको कार्यान्वयन प्रक्रिया


३.१. बाल सहभागिता नीतिको कार्यान्वयन प्रक्रिया ४२-४३

३.२. संस्थागत संरचना विकास ४३-४४

३.३. तालिम तथा क्षमता विकास ४५-४७

३.४. बाल सहभागिता नीतिको अनुगमन र मूल्याङ्कन ४७-५२

**३. अनुसूचीहरू**


४.१. बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ मा भएका मुख्य प्रावधानहरू ५३-५९

४.२. बाल संरक्षण र सहभागिता नीति निर्माण तालिम कार्यतालिका ६०-६२

४.३. तालिमका सहभागीहरू तथा सहजकर्ताहरू ६३-६४

४.४ बाल संरक्षण र सहभागिता नीति विकास गर्दा सम्बन्धित संस्था निकायद्वारा अपनाउनु पर्ने न्यूनतम प्रक्रिया ६४-६६

४.५. सन्दर्भ सामग्रीहरू ६६

# खण्ड क

# बाल सहभागिता नीति तथा प्रक्रिया

## २. बाल सहभागिता

### २.१. सहभागिता के हो ?

प्रत्येक व्यक्तिसँग सरोकार राख्ने हरेक पक्षहरूको प्रत्येक चरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उसको प्रभावकारी संलग्नताको सुनिश्चित हुनु अर्थात् सहभागिताको सुनिश्चितता मानव अधिकारकै एउटा पक्ष हो । अर्थात् सहभागिताको सुनिश्चितता गर्नु भनेको व्यक्तिको सशक्तीकरणका साथै उत्तरदायित्व एवं जवाफदेहिता विकासको एउटा महत्त्वपूर्ण प्रक्रिया हो ।

**क) बाल सहभागिताको अर्थ**

बाल सहभागिता बाल अधिकारको एक महत्त्वपूर्ण अधिकार हो । बाल अधिकार मानव अधिकार को एक विशेष अधिकार हो । अर्थात् बालबालिकासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने हरेक पक्षहरूमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा बालबालिकाको विचारको सुनुवाइ, भावनाको साथै उमेर र क्षमता अनुसारको संलग्नताको अर्थात् सहभागिताको सुनिश्चिता गर्नु मानव अधिकारकै एक पाटो हो । जसरी हामी प्रत्येक प्रौढहरूले आफूसँग सरोकार राख्ने सबै पक्षमा आफ्नो सहभागिताको अधिकार सुनिश्चितताका लागि आवाज उठाउँछौं, सहभागी हुन्छौं महत्त्व राख्दछौं । त्यसरी नै बालबालिकाहरूको लागि पनि उनीहरूसँग सरोकार राख्ने हरेक विषय र पक्षहरूमा सहभागिताको सुनिश्चितता जुरूरत पर्दछ । तर यस्तो सहभागिता अर्थपूर्ण र नैतिक मूल्य मान्यतामा आधारित हुनु पर्दछ । बाल सहभागिताको नाममा हुने दुरूपयोग र शोषणबाट सुरक्षित रहने हुनु पर्दछ । बाल सरोकारका हरेक पक्षहरूको निर्णय र कार्यान्वयनदेखि प्रभाव अध्ययनका सबै प्रक्रियामा विभिन्न उमेर, क्षमता र परिस्थितिका बालबालिकाको अर्थपूर्ण र नैतिक रूपमा बाल सहभागिता सुनिश्चित गर्न प्रत्येक घर परिवार, संस्था समुदाय, विद्यालय एवं राज्यका निकायहरूले स्पष्ट नीति तथा परिपाटी विकास गर्नु जरूरी छ ।

बालबालिकासँग सरोकार राख्ने विकास, शासन र दैनिक जीवनयापनका सबै गतिविधीका निर्णय कार्यान्वयन र अनुगमन मूल्याङ्कन सबै चरणमा समान हैसियतमा इच्छापूर्वक सहभागी हुने अधिकार बाल सहभागिता हो (चितवन भेलामा बालबालिकाबाट आएको)

"बालसहभागिता भनेको बालबालिकाहरूलाई प्रौढको जिम्मेवारी वा बोझ बाद्ने होइन, उनीहरूलाई विकास सुनिश्चितताका हकदार बनाउने हो ।"

जुनसुकै बाल सरोकारका विषय र तिनीहरूको निर्णय र कार्यान्वयनको प्रक्रियामा विभिन्न उमेर समूह क्षमता र परिस्थितिका बालबालिकाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विचारको सुनुवाई र भावनाको कदरको साथै क्षमता अनुसारको संलग्नता र उमेर अनुसारको विकासको सुनिश्चिता ।

**ख) सहभागिता : अधिकारमुखी अवधारणा**

- सहभागिता विकासको अधिकारमुखी अवधारणाको (Rights Based approach) एउटा अभिन्न तत्व हो । मूलतः संयुक्त राष्ट्र सङ्घले अगाडि सारेको यो अवधारणा मानवअधिकार र विकासका बीचमा निकटतम् सम्बन्ध हुनु पर्ने मान्यतामा आधारित छ । आवश्यकता पहिचानदेखि नै परियोजनाको छनौट, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन जस्ता निर्णय र कार्यान्वयनको सबै चरणमा सरोकारवालाको निर्णायक सहभागिता हुनु पर्छ भन्ने यस अवधारणाको मूल मर्म हो र संयुक्त राष्ट्र सङ्घीय विकासको अधिकारसम्बन्धी घोषणाका अनुसार यस्तो सहभागिता "सक्रिय, स्वतन्त्र र सार्थक" हुनु पर्दछ । यस आधारमा परम्परागत अर्थको अरूको खटनमा हुने औपचारिक वा देखावटी संलग्नतालाई सहभागिता भन्न सकिँदैन ;
- अधिकारमुखी अवधारणामा "अधिकारवाला र दायित्ववाला" दुई पक्ष हुन्छन् । बाल सहभागिता बालबालिकाको अधिकार हुनाले उनीहरू अधिकारवाला हुन् भने परिवार, समुदाय, विद्यालय, स्थानीय निकाय र राज्य सहभागी गराउने दायित्ववाला हुन् ।  अधिकारवालाले हक दावी गर्न पाउँछ र दायित्ववालाले पुरा गर्नुपर्ने हुन्छ । अधिकारमुखी अवधारणाको मर्म यही हो ;
- अधिकारको अङ्ग्रेजी शब्द राइटको दुईवटा अर्थ हुन्छ - हक र उचित । यर्थाथमा अधिकारमुखी अवधारणाले समेट्ने गरेको अधिकार उचित वा न्यायपूर्ण अधिकार हो । अर्थात् दुवै अर्थको मेल । जसको लठ्ठी उसैको भैंसी अर्थात् शक्ति नै अधिकार भन्ने अवधारणा मध्य युगको अवशेष हो । यसैले अधिकार मुल्य पनि हो ;
- अधिकारमुखी अवधारणा विकास प्रक्रिया, संस्थाहरू, सूचना र असहमति व्यक्त गर्ने संयन्त्र लगायतमा सरोकारवालाको पहुँचमा विशेष ध्यान दिइन्छ । अधिकारमुखी अवधाराणा अनुसार निर्णयमा सरोकारवालाको अधिकतम हितको ख्याल राखिनु पर्छ भन्ने मानिन्छ । यसैले सहभागिता बाहिरबाट थोपरिएको कुनै निर्णय वा संयन्त्रका आधारमा हुनु हुँदैन । सहभागिता त आन्तरिक विधि र तरिकामा आधारित हुन्छ ;
- अधिकारमुखी अवधारणामा सरोकारवाला नै निर्णायक मानिन्छ । आफ्नो सहभागिता नभएको निर्णय कार्यान्वयनका क्रममा स्वीकार गरेर संलग्न हुनु पर्ने अवस्था लोकतान्त्रिक र सहभागितामूलक होइन ।


## २.२. बाल सहभागिताको अभ्यासबाट हुने फाइदाहरू एवं उपादेयताहरू (बाल सहभागिता किन ?)

**क) बाल अधिकारको अभ्यास**

सहभागिता बाल अधिकारको अभिन्न पक्ष हो । बाल सहभागिताको अभ्यासबाट बाल अधिकार महासन्धिले व्यवस्था गरेका अरू बाल अधिकारहरूको उपभोगका अभ्यासका लागि पनि बाल सहभागिताले सहयोग पुग्न सक्छ । अधिकारको अभ्यास गर्नका लागि बालबालिकालाई पनि बाल अधिकारका बारेमा जानकारी पाउन र अरू अधिकारहरूको अभ्यास गर्न बालसहभागिता उपयोगी माध्यम हुन सक्तछ। बाल सहभागिता बालबालिकाको व्यक्तित्व विकासका लागि सहायक हुन्छ। बाल सहभागिता आफूसँग सरोकार भएको विषयमा सहभागी हुन पाउने आधारभूत मानव अधिकारको पनि अभ्यास हो । विशेष गरी बाल सहभागिताद्वारा बालबालिकाले बाल संरक्षणको अधिकारको जानकारी पाउन र अभ्यास गर्न समर्थ हुनेछन् । बालिकामाथि हुने बाल शोषण र उत्पीडनका विरूद्ध पनि उनीहरू सचेत हुनेछन्। भने आफ्नो विकासको अधिकारको रक्षाका लागि आवाज उठाउन पनि समर्थ हुनेछन् ।

बाल अधिकारको दायित्व पुरा गर्न तर्जुमा र कार्यान्वयन गरिने कार्यक्रम वा उनीहरूको सहभागिताको अधिकार सुनिश्चित गर्ने प्रक्रियालाई प्रभावकारी र बालमुखी बनाउन सहभागिता आवश्यक छ । बालबालिका विषयमा उनीहरूकै जानकारी वा प्राथमिकतालाई चुनौती दिने संस्कार बदल्न पनि सहभागिताको अभ्यास प्रभावकारी हुन्छ। बाल हितकारी कार्यक्रमको तर्जुमा र कार्यान्वयनलाई प्रभावकारी बनाउन पनि बाल सहभागिता महत्त्वपूर्ण माध्यम बन्न सक्ने देखिन्छ।

**बाल सहभागिताको महत्त्व**



**ख) लोकतान्त्रिक मूल्यको प्रबर्द्धन**

सहभागिता शासनमा नागरिकको पहुँच बढाउने लोकतान्त्रिक विधि हो । यस प्रक्रियाबाट नागरिकले आफूसँग सरोकार भएको विषयमा संलग्न हुने अधिकार पाउँछन् । नागरिकले आफ्नो सहभागितामा भएको निर्णयका प्रति दायित्व बोध पनि गर्दछन् । यसले निर्णयको प्रभावकारिता बढ्छ । सहभागिताका क्रममा हुने छलफल र निर्णयको प्रक्रियात्मक अभ्यासले सहभागीमा आत्मविश्वास बढ्छ। साथै सहभागीमा लोकतान्त्रिक मूल्य र मान्यताप्रति आकर्षण पनि बढ्छ। बाल सहभागिताको अभ्यासद्वारा बालबालिका लोकतान्त्रिक मूल्य र मान्यताप्रति आकर्षित र दीक्षित हुन्छन् । नागरिकहरूमा लोकतान्त्रिक संस्कारको जग बसाउने उत्तम उपायहरूमा सहभागिता पनि हो बाल सहभागिताको अभ्यासले बालबलिकामा लोकतान्त्रिक विधि र प्रक्रियाप्रति विश्वास पनि सिर्जना हुन पुग्छ। बाल सहभागिताका माध्यमबाट उनीहरूले आफूसँग सरोकार राख्ने विषयको आधिकारिक जानकारी पाउँछन् ।

सार्वजनिक जीवनमा सहभागिताले बालबालिकालाई असल र लोकतान्त्रिक नागरिक बनाउन सहयोग गर्छ । यसैले नेपाल जस्तो लोकतान्त्रिक संस्कृतिको जग बसि नसकेको मुलुकमा लोकतान्त्रिक मूल्य मान्यता हुर्काउन बाल सहभागिता उपयुक्त उपाय देखिन्छ। बाल सहभागिता बालबालिकाका लागि लोकतान्त्रिक प्रक्रियाहरूको अभ्यास गर्ने अवसर र माध्यम दुवै हो ।

**ग) सुशासनको पुर्वाधार**

सहभागीबाट निर्णय प्रक्रिया र औचित्य दुवै पारदर्शी हुन्छन्। बालबालिकाले पारदर्शिताको महत्त्व बुझ्ने र अभ्यास गर्ने अवसर पाएमा सुशासनप्रति उनीहरूको लगाव बढ्नेछ । पारदर्शीताको सुनिश्चिताका लागि कुनै पनि संस्था, प्रक्रिया वा अभ्यासमा सरोकारवालाको सहभागिता अनिवार्य हुन्छ। पारदर्शिताले भ्रष्टाचार घटाउँछ। सुशासनका विशेषतामा सहभागिता, पारदर्शिता, उत्तर दायित्व, सहमतिमूलक निर्णय प्रक्रिया, समता, प्रभावकारिता, दक्षता तथा विश्वासनियता जस्ता गुणहरू पर्दछन्। यस्ता गुणहरूसँग बालबालिका परिचित र अभ्यस्त भए भने सुशासनको पूर्वाधार तयार गर्न सहयोग हुन्छ।

**घ) नेतृत्वको विकासको अवसर**

बालसहभागिताबाट सहभागी बालबालिकामा नेतृत्व विकासको अवसर उपलब्ध हुन्छ। सहभागिता एकल अभ्यास नभएर सामूहिक कार्य हो । सहभागिताको अभ्यास समूहमा हुने हुनाले सहभागी बालबालिकामध्ये नेतृत्वको गुण र रूचि भएकाले स्वभाविक रूपमा नेतृत्व लिन पुग्छन् । सहभागितालाई प्रभावकारी र उद्देश्यपरक बनाउन कुशल नेतृत्व चाहिन्छ। सहभागिताका क्रममा

नै बालबालिकामा नेतृत्व क्षमताको विकास हुन्छ । यसैले सहभागिताका क्रममा नेतृत्व विकासको आवश्यकता र अवसर दुवै हुन्छ । बाल सहभागिताको अभ्यासका क्रममा बालबालिकामा नेतृत्व क्षमता र कौशलको विकास हुन्छ । सहभागिता जुटाउन र परिचालन गर्नका लागि कुशल नेतृत्व आवश्यक हुन्छ भने सहभागिताको अभ्यासबाट मात्र नेतृत्व कौशलको विकास गर्ने अवसर प्राप्त हुन्छ । तर साथै ख्याल गर्नु पर्ने कुरा के हो भने सहभागिता सुनिश्चित गर्ने सन्दर्भमा प्रयोग हुने नेतृत्व तानाशाही र एकल नेतृत्व भन्दा प्रजातान्त्रिक र टिम नेतृत्वको प्रयोग हुन्छ ।

### ङ) अन्यायपूर्ण विभेदकारी परिपाटी हटाउने अवसर

हाम्रो समुदाय विभिन्न विभेदकारी र अन्यायपूर्ण परिपाटीले व्याप्त छ । यहाँ विभिन्न जातजाती, धनी गरिव, विभिन्न वर्गका आधारमा भेदभाव र दबाउने कार्यहरू दैनिक रूपमा भइ रहेका हुन्छन् । यस्तो वातावरणमा हुर्कि रहेका बालबालिकाहरूले बाध्य भएर कि त त्यस्तै परिपाटी सिकि रहेका हुन्छन् कि त मौन रहेका हुन्छन् । यस्तो परिपाटी हटाउनको लागि पनि बाल सहभागिताको अभ्यासले ठूलो टेवा पुऱ्याइ रहेको हुन्छ । बालबालिका भेदभाव र विभिन्न हिंसा, दुर्व्यवहार र अन्याय न्यूनीकरणका सबालमा आफ्ना विचारहरू व्यक्त गर्न सक्षम हुने छन् । समुदायमा शिक्षित र सचेत नागरिक भएमा विभेद र अन्यायरहित समुन्नत समुदाय हुन सक्छ । बालबालिका नै भविष्यका नागरिक भएकाले बाल सहभागिता अभ्यासले भेदभाव र अन्यायका सबालमा सचेत शिक्षित नागरिक उत्पादनमा सहयोग मिल्दछ ।

### च) अपनत्व र स्वामित्व बढाउन

बालअधिकार र बालबालिकाका लागि तय गरिने निर्णयहरूलाई बालबालिकाले आफ्नो हो भनी स्वीकार गर्नु जरूरी छ । तब मात्र बालअधिकारका अवधारणाहरू पूर्ण व्यावहारिक हुने छन् । विभिन्न नीति निर्माण कार्यहरूमा सहभागी हुनाले बालबालिका सम्बन्धी गतिविधिमा बालबालिकाको स्वामित्व र आफ्नोपन बढाउँछ । बालबालिका आफ्नो हकहितको लागि वकालत र पहल गर्न समेत सक्षम हुनेछन् । बालबालिकाले बालबालिकाकै संरक्षण, बचावट, शैक्षिक र विभिन्न हकहितका लागि कार्य गर्न आवश्यक हुनु र त्यसरी गरिएका प्रयासहरू प्रभावकारी भएकाले पनि बालबालिकाको क्षेत्रमा हुने निर्णय र नीति निर्माण कार्यहरूमा उनीहरूको स्वामित्व हुनु जरूरी छ । यसका लागि बाल सहभागिता अर्थपूर्ण रूपमा सुनिश्चित गरिनु पर्छ ।

**छ) बाल अधिकारको सम्मान**

नेपालले सन् १९९० मा नै बालअधिकार सम्बन्धी महासन्धी १९८९ लाई अनुमोदन गरी सकेको छ। भने त्यसपछिका बालअधिकार सम्बन्धी राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रिय स्तरमा तयार गरिएका इच्छाधिन आलेख तथा यस्तै महत्त्वपूर्ण सबालहरूमा आफ्नो बाल अधिकारप्रतिको प्रतिबद्धता व्यक्त गर्दै आएको छ। राज्यद्वारा गरिएका यस्ता प्रतिबद्धतालाई व्यवहारमा उर्तान, उचित मान्यता दिनु र आवश्यक सम्मान व्यक्त गर्नु प्रत्येक राज्य र नागरिकको दायित्व हो।

बालबालिकाको सर्वोत्तम हितको निम्ति राष्ट्रको हरेक तहमा मात्र नभई घरपरिवार, संस्था एवं विद्यालयमा पनि बालअधिकारबारे जानकारी हुनु आवश्यक हुन्छ। साथै बाल अधिकारको सम्मान हुनु पर्दछ। बाल सहभागिताको अभ्यासले सम्बन्धित क्षेत्रहरूमा बाल अधिकारको जानकारी गराउन मद्दत पुग्छ। बालबालिका आफ्नो अधिकारको निम्ति बोल्न सक्नेछन्। बालअधिकार हनन हुने क्रियाकलाप विरूद्ध आवाज उठाउन र विभिन्न गतिविधि सञ्चालन गर्न सक्षम हुनेछन्। विद्यालय, समुदायमा बालबालिकाको गतिविधिले बाल अधिकारको चेतना फैलाउने कार्यमा सहयोग पुऱ्याउँछ।

**ज) समावेशीकरणको प्रबर्द्धन**

प्रत्येक व्यक्ति आफूसँग सरोकार राख्ने प्रत्येक विषयमा सहभागी हुन पाउनु मानव अधिकारको महत्त्वपूर्ण पक्ष हो। सबै वर्ग समुदाय र जनजातिका बालबालिकाहरूको सहभागिताको सुनिश्चिता हुन अर्थपूर्ण र नैतिक रूपमा बाल सहभागिता सुनिश्चित भयो भनेर भन्न मिल्दैन अर्थात् बाल सहभागिता सुनिश्चित गर्नु भनेको सबै उमेर, समूह, क्षमता र परिस्थितिका बालबालिकाको पूर्ण सहभागिता सुनिश्चित हुनु हो। जसलाई हामी अर्को पक्षबाट समावेशी सहभागिता पनि भन्न सकिन्छ। अतः समावेशीकरण सहभागिताको पूर्व शर्त हो। समावेशी प्रतिनिधित्व दिन सहभागिता सम्भव नहुने हुँदा हामीले सहभागिता बढाउँदा स्वतः समावेशीकरणमा योगदान मिल्दछ। सहभागिताले अपनत्व बढाउँछ र अपनत्वले समावेशीकरणलाई बलियो पार्दछ साथै दिगो बनाउँछ तसर्थ बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गर्ने अभ्यास र प्रतिबद्धताले स्वतः समावेशीकरणको प्रबर्द्धन हुन्छ। बालबालिकाहरूमा सबै सँगै मिलेर काम गर्दा उनीहरूले अरूको विचारको कदर गर्न, आफ्नो विचार अभिव्यक्त गर्न र आफ्नो आत्मपहिचान साथ हकको पहिचान र अस्तित्वलाई स्वीकार गर्न महत्त्वपूर्ण सीप विकास गर्दछ जसले गर्दा सहभागिता सुनिश्चित हुँदै जाँदा स्वतः त्यसले समावेशीकरणको सुनिश्चितताको प्रबर्द्धन गर्दै जान्छ।

**बालबालिका आफूलाई असर गर्ने सबालहरूमा किन संलग्न हुन चाहन्छन् ।**

- यसले उनीहरूलाई नयाँ सीप प्रदान गर्दछ;
- संलग्नताले उनीहरूको आत्मबल बढाउँछ;
- बाल्य अवस्थाको महत्त्ववारे बुझ्न सहयोग पुऱ्याउँछ ;
- संलग्नताले उनीहरूको अधिकार र दुरूपयोग र वेवास्ता हुने कुरासँग जुध्न (To Tackle) सशक्तीकरण गर्दछ ;
- भन्न चाहेको कुरा भन्ने अवसर प्राप्त हुन्छ;
- प्रौढहरूले उनीहरूको सबालमा कहिले काहीँ गलत सोचाइ पनि राख्न सक्छन् ;
- उनीहरूको संलग्नताले उनीहरूको पक्षमा राम्रो निर्णय गर्न योगदान गर्दछ भन्ने सोच्दछन् ;
- उनीहरूको आफ्नो जीवनको सबालमा सुन्ने अधिकार छ ;
- उनीहरूले विश्व/संसारलाई राम्रो स्थान बनाउन चाहन्छन् ;
- संलग्न हुनु उनीहरूको लागि रमाइलो पनि हुन सक्छ ;
- बालबालिकाहरूलाई फरक-फरक उमेर वातावरण र अनुभव भएका बालबालिकासँग भेटघाटको अवसर दिन्छन् ।

**बाल सहभागिता नीति किन ?**

- मानव अधिकार प्रत्याभूत गर्न ;
- बालबालिकालाई नेतृत्व विकासको अवसर प्रदान गर्दै उनीहरूको सशक्तीकरणमा सहयोग पुऱ्याउन ;
- बालबालिकालाई स्वयं आफू र आफ्नो परिवार, समुदाय संस्था र राज्यप्रति जिम्मेवार हुने अवसर प्रदान गर्न ;
- भावी जीवनका लागि आवश्यक सीप र व्यवहार सिक्ने र अभ्यास गर्ने अवसर प्रदान गर्न ;
- घर परिवार, विद्यालय र समुदाय व्यवस्थापनमा बालबालिकाको संलग्नता सुनिश्चित गर्न ;
- बालबालिकामाथि सहभागिताको नाममा हुने शोषण र नकारात्मक प्रभावबाट बालबालिकालाई जोगाउन ;
- दण्ड सजाय विना बालबालिकालाई अनुशासित र जिम्मेवार बनाउन ;
- सहभागिता मार्फत् समानता र समता विकास गर्न अर्थात् समावेशीकरण सुनिश्चित गर्न
- लोकतान्त्रिक/जनतान्त्रिक मूल्य मान्यता स्थापित गर्न ;
- सबै वर्ग, उमेर, क्षमता र परिस्थितिका बालबालिकाको अर्थपूर्ण र नैतिक बालसहभागिता मार्फत् उनीहरूको उमेर अनुसारको विकासको अवसर सुनिश्चित गर्न ;
- बाल अधिकारप्रतिको प्रतिबद्धता पूरा गर्न ।

## २.३. बाल सहभागिताका मूल्य मान्यताहरू

**क) बाल अधिकारको सम्मान**

परिवार, समाज र राज्यमा बाल अधिकारको सम्मान गर्ने संस्कृतिको विकास हुन सकेमा बाल सहभागिता अभ्यास पनि बढेर जान्छ। सही अर्थमा बाल सहभागिताको अभ्यास हुन/गराउन सकेमा अरू बाल अधिकारको कार्यान्वयनमा पनि सहयोग पुग्छ। यस्तै सहभागी बालबालिकाको व्यक्तित्वको विकासमा पनि यस अभ्यासबाट सहयोग पुग्छ। यसैले परिवार, समुदाय र राष्ट्रमा बाल अधिकारको सम्मान गर्ने संस्कारको विकास हुनु आवश्यक छ। यसले बाल सहभागिता प्रबर्द्धन गर्न सहयोग पुऱ्याउँछ।

**ख) बालहित सर्वोपरी**

बाल सहभागिता बालबालिकाको हितमा हुनु पर्छ । त्यसबाट उनीहरूलाई प्रत्यक्ष लाभ पुगेको हुनु पर्छ । बाल सहभागिताका कुनै पनि क्रियाकलापले बालबालिकामाथि बोझ बढ्ने वा उनीहरूको शारीरिक मानसिक विकासमा प्रतिकुल प्रभाव पार्ने हुनुहुँदैन । यस्तै बाल सहभागिताको अभ्यास गर्दा उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा कुनै पनि नकारात्मक प्रभाव पर्न नदिन पनि उत्तिकै सजग हुनुपर्छ । मूलतः बाल सहभागिताका बारेमा निर्णय गर्नुपूर्व नै त्यसबाट सरोकारवाला बालबालिकाको हित हुने सुनिश्चित गरिनुपर्छ । यसको अर्थ बालबालिकालाई साधनको रूपमा होइन कि उनीहरूलाई त साध्यको रूपमा हेरिनु पर्दछ ।

**ग) लोकतान्त्रिक विचार र व्यवहार**

बाल सहभागिताका लागि बालबालिकालाई परिवारको सम्पत्ति वा वस्तुका रूपमा हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक छ । बालबालिकालाई हेर्ने दृष्टिकोण मानव अधिकारमुखी नभएमा बाल सहभागिताको पनि अभ्यास हुन सक्दैन । यसका लागि लोकतान्त्रिक सिद्धान्त र व्यवहार स्वीकार गरिनु पर्छ । सरोकारवालाहरू नै कुनै पनि काम वा विषयका मालिक हुन् र आफूसँग सरोकार भएको विषय वा निर्णयमा पूर्ण रूपमा सहभागी हुन पाउनु उनीहरूको आधारभूत मानव अधिकार हो भन्ने यथार्थ स्वीकार गरेमा बाल सहभागिताको पनि बाटो फराकिलो हुन्छ। यस्तो सिद्धान्त र पद्धतिको स्थापना लोकतन्त्रमा मात्र हुन्छ। यसैले लोकतान्त्रिक पद्धति र मानव अधिकारको सम्मान बाल सहभागिताको पहिलो आधार हो ।

**घ) पारदर्शिता**

बालसहभागिताका निर्णय र निर्णय प्रक्रिया दुवै पारदर्शी हुनु पर्दछ । पारदर्शिताले त्यसको प्रतिफलको वितरण न्यायपूर्ण बनाउन पनि सहयोग पुऱ्याउँछ । पारदर्शिता भएमा सरोकारवाला बालबालिकाले आफ्नो योगदान र प्रतिफलको मूल्याङ्कन आफै गर्न सक्दछन् । बालबालिकालाई सहभागिताको अभ्यास  र यसका लाभहरूका सम्बन्धमा सकारात्मक धारणाको विकास गर्न पनि सहयोग पुग्ने छ । यसबाट उनीहरूमा आत्मविश्वास जाग्छ । पारदर्शिताले सहभागीको प्रतिबद्धता र संलग्नताको तह बढाउने हुनाले बाल सहभागिताका लागि यो महत्त्वपूर्ण आधार बन्न सक्तछ ।

**ङ) दिगोपन निरन्तरता व्यवस्थितता**

बाल सहभागिताको संरचना र योजना कसैको लहड र रहरमा बनाइनु हुँदैन । सहभागी हुने बालबालिकाको सुसूचित निर्णयमा मात्र बाल सहभागिता कार्यक्रम र संरचना निर्माण गर्नु पर्छ । रहर, लहड वा अर्कै उद्देश्यका निम्ति बाल सहभागिताको योजना वा संरचना बनाइयो भने त्यो दिगो हुँदैन् । बाल सहभागिताका उद्देश्यले निर्मित योजना वा संरचना दिगो भएन भने बालबालिकामा सहभागिता नै निरर्थक अभ्यास हो कि भन्ने भ्रम पर्न सक्छ । यस्तो छाप बालबालिकामा पऱ्यो भने त्यो प्रत्युत्पादक हुन सक्ने हुनाले बाल सहभागिताको व्यवस्थापनका क्रममा त्यसको दिगोपनमा विशेष ध्यान दिनु पर्छ ।

**च) स्वतःस्फूर्तता**

बाल सहभागिता अरूको खटनमा हुनु हुँदैन । बालबालिका आफैले निर्णय गरेर स्वतःस्र्फूत रूपमा सङ्गठित हुने वातावरण भएमा बाल सहभागिताको अभ्यास बढेर जाने छ । अरूको खटनमा संलग्न हुनु वा परिचालित हुनु सहभागिता होइन । अतः बाल सहभागिता बढाउनका लागि बालबालिका सङ्गठित हुन सहज हुने वातावरण निर्माण गर्नु पर्छ ।

## २.४. बाल सहभागिताको सबालमा भएका असल प्रयास विकृति एवं बाधा र चुनौतीहरू

### अ) केही असल अभ्यासहरू

**क) घर परिवारमा**

बालबालिकालाई ईश्वरका उपहार/वरदान र एउटा वस्तुको रूपमा लिने गरेको हाम्रो संस्कृतिका बाबजुद आजकाल प्रत्येक घर परिवारमा बाल सहभागिताको केही प्रयास गर्न थालिएको पाइन्छ । बालबालिकाको क्षमता अनुसार घरायासी कामको जिम्मेवारी दिने व्यावहारिक काम सिक्ने अवसर प्रदान गर्ने बालबालिका क्लव/समूहमा रहन उत्साहित गर्ने विद्यालय भर्ना गर्दा बालबालिकाको पनि भावना सुन्ने, भ्रमण, मठ, मन्दिर, जाँदा बालबालिकालाई पनि सहभागी गराउने, घरमा आवश्यक सामग्री किनमेल गर्न बालबालिकालाई पनि बजार गर्न उत्साहित गर्ने जस्ता केही सकारात्मक प्रयासहरू आजकल केही परिवारहरूमा अभिभावकहरूले थालनी गरेको पाइन्छ ।

**ख). विद्यालयमा भएका केही असल प्रयासहरूः**

बाल सहभागिताको नाममा आजकाल विभिन्न गैरसरकारी संस्थाहरूको प्रयासमा विद्यालय तहमा बालबालिकाका क्लव तथा स्वावलम्बी समूहहरू गठन भए यता बाल सहभागिताको सबालमा केही सकारात्मक प्रयासहरू थालनी भएको पाइन्छ यद्यपि यी प्रयत्नहरू सीमित विद्यालयहरू र स्थानमा पाइन्छन ।

- विद्यालय तहमा बालबालिकालाई विभिन्न क्लव तथा स्वावलम्बी

समूहहरूमा आबद्ध भै परिचालित हुन सहयोग पुगेको छ ;

- केही विद्यालयहरूले विद्यालयका नियम बनाउँदा वार्षिक क्यालेण्डर बनाउँदा, विदाको निर्णय गर्दा अर्थात विद्यालयद्वारा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्दा बालबालिकाको अगुवाई र संलग्नतामा सञ्चालन गर्ने परिपाटीको थालनी गर्न सहयोग पुगेको छ ;
- यसरी विद्यालयभित्र गठित बाल क्लव/बाल स्वावलम्बन समूहहरू जिल्ला बाल कल्याण समिति तथा सम्बन्धित गा.वि.स. तथा नगरपालिका अन्तरगत सूचीकरण समेत भै परिचालित हुन सहयोग पुगेको छ् ;
- यस्ता केही विद्यालयरूमा बालबालिकाहरूले स्वतःस्फूत रूपमा आफूहरूले विद्यालय, घरपरिवार र समुदायमा भोगेका समस्या पहिचान गरी ती समस्या न्यूनीकरणका लागि विभिन्न गतिविधिहरू समेत सञ्चालन गर्न सफल भएको देखिन्छ । यसले बालबालिकाको समस्या समाधान गर्ने मात्र होइन उनीहरूलाई अरूहरूप्रति जिम्मेवार हुन र भावी जीवनका लागि आवश्यक पर्ने व्यवहार एवं लोकतान्त्रिक विधिको अभ्यासमा समेत सशक्तीकरण गरेको पाइन्छ ।

**ग) सामाजिक संस्था/नागरिक सङ्गठनहरूमा बाल सहभागिताको सबालमा भएका प्रयासहरू**

सन् १९९५ देखि विशेष गरी बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी सामाजिक संस्थाहरूले आफ्नो स्पष्ट लक्ष्य सहित विद्यालय तथा समुदायमा बाल क्लव/स्वावलम्बी समूहहरू गठन गरी आफ्ना कार्यक्रमहरूमा संलग्न गराउँदै आएको भए तापनि विशेष गरी चिल्ड्रेन-नेपालद्वारा वि.सं. २०५६ देखि अधिकारमा आधारित भई बालबालिकालाई बाल स्वावलम्बन समूहमा आबद्ध गराई बाल अधिकार प्रबर्द्धन र सामाजिक परिवर्तनको सबालमा परिचालित हुन सहयोगको थालनी गरिएको छ । यसले बालबालिकालाई संस्थाको सह-सदस्यता प्रदान गर्ने नीतिगत निर्णय गर्दै संस्थामा बालबालिकाको सहभागिता सुनिश्चित गरेको छ। त्यस्तै गरी यसले आफ्नो वार्षिक कार्यक्रम योजना तुर्जुमा र कार्यान्वयन प्रक्रिया तथा कार्यक्रम प्रभाव अध्ययन कार्यमा समेत बालबालिकासँग परामर्श गर्दै सहभागिता सुनिश्चित गरेको छ। बाल स्वावलम्बन समूहहरूलाई जिल्ला तथा क्षेत्रीय स्तरमा सङ्गठित हुन सहयोग गर्नुका साथै संविधानमा बाल सहभागिता सुनिश्चित गर्न बालबालिकालाई आफ्नो आवाज संविधान सभासम्म पुऱ्याउन सहयोग गरेको छ। त्यस्तै गरी अन्य सङ्घ संस्थाहरूद्वारा पनि बालबालिकालाई विभिन्न समूहमा आबद्ध गराई स्वत :स्फूत रूपमा विभिन्न गतिविधिहरू सञ्चालन गर्दै बाल हक हितका लागि परिचालित हुन सहयोग पुऱ्याएको पाइन्छ । तथापि यस्ता प्रयासहरू परियोजनागत लक्ष्यसँग मात्र बढी केन्द्रित भएका देखिन्छन् ।

**घ) समुदायमा भएका केही असल प्रयासहरू**

विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगमा समुदायमा बालबालिकाहरू विभिन्न समूहमा आबद्ध भई अगाडि बढेको भए तापनि समुदाय स्तरमा बाल सहभागिता प्रबर्द्धनको सबालमा खासै उल्लेखनीय असल प्रयासहरू देखिदैनन् ।

## आ) बाल सहभागितामा देखिएका केही विकृतिहरू

- बाल सहभागिताको नाममा बालबालिकालाई राजनैतिक दल तथा व्यापारिक क्षेत्र, मेला, पर्व विकास संस्थाहरूद्वारा बालबालिकालाई आफ्नो नीहित उद्देश्य पूरा गर्न एउटा साधनको रूपमा प्रयोग गर्नु ;
- राजनैतिक दलहरूले आफ्नो माग पूरा गराउन विद्यालय स्तरमा भएका आफ्ना भातृ बाल सङ्गठन मार्फत् गरिने बन्द तथा चक्काजाम, द्वन्द्व आन्दोलनमा बालबालिकालाई प्रयोग गराइनु ;
- बाल सहभागिताको नाममा बालबालिकालाई कुनै एउटा सबालगत क्षेत्रमा मात्र केन्द्रित गरी बाल सहभागिताको खिल्ली उडाउनु ;
- सहभागिताको नाममा बालबालिकामाथि क्षमता भन्दा बढी जिम्मेवारी र कार्य बोझ थुपार्ने परिस्थिति ;
- केही अवसर प्राप्त गरेका बालबालिकाका नेतृत्वहरूले अन्य बालबालिकालाई नेतृत्व हस्तान्तरण गर्न नचाहनु, अवसरको असमानता हुनु ;
- बालबालिकासँग प्रत्यक्ष सरोकार नराख्ने विकास निर्माणका कार्यमा समेत सहभागिता बढाउने नाममा बालबालिकाको प्रयोग गरिनु ;
- रेष्टुरेण्टमा समेत नृत्य समूहमा बालबालिकालाई आबद्ध गरी प्रयोग गरिनु
- समुदायमा फोहोर व्यवस्थापन गर्ने प्रयोगका लागि बाल क्लव खोल्ने
- वन हेरालो बनाउने, बाल क्लव खोली बालबालिकालाई बाल सहभागिताको नाममा ढुङ्गा बोकाउने
- विद्यालय व्यवस्थापन समितिमा १४ वर्ष मुनिका बालबालिका/प्रा.वि.तहका बालबालिका राख्ने
- प्रौढको बैठक, गोष्ठी, तालिममा बाल सहभागिताको नाममा बालबालिकालाई विद्यालय छुटाएर लामो समयसम्म सहभागी गराउने
- राजनीतिक नेता मन्त्री वा ठूलो मान्छेको स्वागत, साइत आदिमा साना बालबालिकाको प्रयोग
- बाल क्लवहरूबीच कार्यक्रमगत अनावश्यक प्रतिस्पर्धा गराउने
- केही बालबालिकाहरूलाई मात्र सबै अवसर प्रदान गर्नु
- बालबालिकाको आवाज सुन्न परामर्श गर्ने तर विचारलाई मान्यता नदिई निर्णयको बेला प्रौढको इच्छा/भावनामा मात्र निर्णय गरिनु,
- कुराको सुनुवाइ नहुनु ।

**इ) बाल सहभागिता प्रबर्द्धनका केही बाधाहरू**

नेपाली समाजमा विद्यमान सामन्ती संस्कार र भ्रमका कारण ठालुहरूको मात्र काम ठानिएको नीति वा कार्यक्रम तय गर्ने कार्यमा बालबालिका सहभागी हुन थाल्दा शासकहरूले आफ्नो एकलौटी हैकम खोसिएको ठान्न सक्दछन् । त्यसमा पनि सरकारी कर्मचारी र विशेषज्ञहरूको पेवा ठानिएको नीति र कार्यक्रम तय गर्ने कार्यमा बालबालिका सहभागी हुने विषयलाई सहज रूपमा लिन उनीहरूलाई कठिन हुन सक्छ । मुलत : लोकतान्त्रिक अभ्यास र संस्कार कमजोर भएको समाजमा शासन वा विकासमा सामान्य जनताको सहभागिताको अधिकार स्वीकार गर्नु नै सरकारी अधिकारी र समाजका ठालुहरू तत्पर देखिँदैनन् । बाल सहभागिताका बाधाहरू मूलतः सामन्ती सोच र शैलीबाट प्रभावित देखिन्छन् । कतिपय अवस्थामा त आफ्नो पदीय हैकम तथा बालबालिका समाजका तल्लो वर्ग भन्दा आफूलाई भिन्न ठान्ने समाजका ठालुहरू र यही चिन्तनहरूद्वारा प्रभावित अधिकांश प्रौढहरू आफूभन्दा साना बालबालिका र समाजका अन्य वर्गहरूसँगसँगै बस्न, बोल्न र छलफल चलाउन समेत आफूलाई असहज महसुस गर्दछन् । उनीहरू हेपिएको, मान घटेको वा अपमानित भएको महसुस गर्दछन् । आफूलाई आफ्नो चिन्तन देखि माथि उठ्न उनीहरू चाहँदैनन् । यद्यपि उनीहरूको चिन्तन पदीय लोलुपता र मानव अधिकार तथा सामाजिक न्यायको सिद्धान्त विपरीत किन नहोस् ।

**क) अलोकतान्त्रिक विचार**

शासन र विकासमा निर्णायक र सक्रिय रूपमा सहभागी हुन पाउने सरोकारवालाको अधिकार हुन्छ भन्ने लोकतान्त्रिक मान्यता हो । बाल सहभागिता पनि उनीहरूको अधिकार भएकाले यही लोकतान्त्रिक मान्यताबाट प्रेरित रहेको छ । शासन पद्धति र शासकहरूको चिन्तन तथा व्यवहार लोकतान्त्रिक नभए सहभागिता सार्थक हुन सक्दैन । खटनपटनमा संलग्न हुनु सहभागिता होइन । अर्थात् मुलुकको राजनीति, शासन पद्धति तथा समुदायको मानसिकता र अभ्यास लोकतान्त्रिक नभएमा सहभागिताको पनि अभ्यास हुन सक्दैन । यसरी हेर्दा एउटा परिवार भित्र पनि असल संस्कार परिपाटी र त्यसका प्रत्याभूत लोकतान्त्रिक विधिमा आधारित हुनु पर्छ । यसैले बाल सहभागिताको क्रममा देखा पर्ने पहिलो र मुख्य अवरोध अलोकतान्त्रिक सोच र व्यवहार हो ।

**ख) सामन्ती संस्कार**

नेपाली समाज मूलतः खटन र हैकममा अभ्यस्त छ । शक्ति र साधनमा राज्य वा केन्द्रको एकाधिकार रहन्छ भन्ने मानसिकता सरकारी पदाधिकारी र राजनीतिक नेताहरूमा पाइन्छ । त्यसको प्रभाव घर परिवार, विद्यालय, समुदायका अतिपय प्रौढहरूमा समेत रहेको पाइन्छ । हैकम र हुकुमको परम्परामा हुर्केको ठालुहरूको समूहका लागि बालबालिकाको सहभागिताको अधिकार स्वीकार

गर्न कठिन हुन्छ । सरोकारवालाको सहभागिताको अधिकार स्वीकार गर्ने बित्तिकै ठालुहरूको एकाधिकार समाप्त हुन्छ । सहभागिताको अभ्यास बढेर गएमा समाजमा विद्यमान आर्थिक सामाजिक असमानता र शोषणको जग पनि हल्लिन्छ । समाज र शक्तिको पुरानो संरचना कायमै राख्नु पर्छ भन्ने मानसिकता सामन्ती संस्कारको उपज हो । सामाजिक संरचना खलबलिन नदिने नाममा परम्परागत हैकम कायमै राख्ने सोच बाल सहभागिताको बाटाहरू मध्ये अर्को तगारो हो ।

**ग) भेदभाव र तिरस्कार**

बाल सहभागिताको मार्गमा अर्को तगारो सामाजिक रीतिस्थिति र अलोकतान्त्रिक नियम कानुन पनि हुने गरेका छन् । रीतिस्थिति, परम्परा र चालचलनका नाममा कमजोरहरूलाई हेप्ने र सहभागी हुने अवसर नदिने गरिएको हुन्छ । सहभागिताको अधिकारबाट वञ्चित गरिने आधार उमेर, जाति वर्ग, लिङ्ग र क्षेत्र हुने गरेको देखिन्छ । विकास र शासनका अभ्यास तथा प्रक्रियामा बालबालिकालाई उमेरका आधारमा भेदभाव गरी सहभागी हुने तिनको अधिकार खोसिन्छ । बालबालिकालाई सहभागी हुन नदिन गरिने भेदभाव र बालबालिकाको राय र धारणाको उपेक्षा गरिँदा उनीहरूले तिरस्कार गरिएको ठान्छन् । अर्थात् भेदभाव र तिरस्कार गर्ने चलनको बालबालिकालाई परिवार, समुदाय र शासकीय निकायहरूमा सहभागी हुने अवसर खोसिएको हुन्छ ।

**घ) करकाप**

सहभागिता बालबालिकाको अधिकार हो । यसैले बाल सहभागिता स्वेच्छिक हुनु पर्छ । सहभागिताका नाममा विद्यालय वा समुदायमा बालबालिकालाई कुनै काममा संलग्न हुन खटाउने कार्य पनि बाल सहभागिताका मार्गमा अवरोध हो । करकाप र खटनमा सहभागी बनाइएका बालबालिकामा सहभागिता शब्द नै मन नपर्ने भाव उत्पन्न हुन सक्छ । अरू कसैको खटन वा आदेशमा संलग्न गराइएमा बालबालिकाले त्यस्तो कामलाई आफ्नो ठान्दैनन् । बाहिरबाट थोपारिएको निर्णय र आदेशमा बालबालिकालाई परिचालन गर्ने चलन अर्थात करकापको अभ्यास पनि बाल सहभागिताका मार्गको अवरोध हो । बालबालिकाले आफैले छानेको वा राजेको काममा भएको संलग्नता मात्र बाल सहभागिता मानिने हुनाले अह्रोट वा करकाप पनि बाल सहभागिताका निम्ति एउटा बाधा नै हो । गाउँघरको स्थिति बसाउन गाउँलेहरू मिलेर गरिने निर्णय सहभागिताको परम्परागत रूप हो । तर यस्तो प्रक्रियामा ठालुहरूको परम्परागत रूप हो । तर यस्तो प्रक्रियामा ठालुहरूको प्रभुत्व र निर्णायक हैसियत हुने हुनाले त्यसलाई सहभागिता मान्न सकिन्न । सहभागिता मानिनका लागि सहभागी सबैको समान महत्त्व र हैसियत हुनुपर्छ । समानता लोकतान्त्रिक पद्धतिको उत्तम र अभिन्न अङ्ग जो हो ।

**ङ) अह्रोट र खटन (बाह्य नियन्त्रण)**

कसैले खटाएको वा अह्रयाएको भरमा कुनै काममा संलग्न हुनु सहभागिता होइन । बालबालिकालाई उनीहरूको इच्छा नभएको वा निर्णयमा उनीहरूको सहभागिता नभएको वा निर्णयमा उनीहरूको सहभागिता नभएको काममा संलग्न वा परिचालित गरेर त्यसलाई बाल सहभागिताको नाम दिँदा उनीहरूमा सहभागिता शब्दप्रति नै वितृष्णा उत्पन्न हुन सक्छ । यस प्रकारको क्रियाकलापले बाल सहभागितालाई कमजोर बनाउने हुनाले यसको बाल सहभीगताको अभ्यासका क्रममा अह्रोट वा खटन पटन हुनु हुँदैन ।

**च) पारिवारिक असहयोग**

बालबालिकालाई घरबाहिर वा विद्यालयको नियमित पढाइ बाहिरका क्रियाकलापमा सहभागी हुन प्रोत्साहित नगर्ने परिवारका वयस्क सदस्यहरूको प्रवृत्तिले पनि बाल सहभागितामा बाधा उत्पन्न गर्छ । बाल क्लवहरूमा सहभागी हुँदा समय बर्वाद हुन्छ । र बालबालिका बिग्रन्छन् भन्ने धारणा धेरै वयस्कहरूमा पाइन्छ । परिवारमा बालबालिकामाथि वयस्कको निर्णय थोपर्ने गर्दा उनीहरूलाई अरू गतिविधिमा पनि सहभागी हुने उत्साह हुँदैन । बालबालिकाले कुनै विषयमा चासो देखाए भने “केटाकेटी बाठो हुने होइन”, “माउ भन्दा चल्ला बाठा” भनेर हतोत्साहित गर्ने प्रचलन पनि बालसहभागिताका निम्ति बाधक हुन्छ ।

**छ) जानकारीको अभाव**

बालबालिकाले बाल क्लवमा सहभागी हुँदा आफ्नो व्यक्तित्व विकासमा फाइदा पुग्दछ भन्ने कुरा नबुभ्दा पनि बाल सहभागितामा कमी पाइन्छ । बाल क्लवमा आफ्नो उमेर, आफूभन्दा ठूलो उमेरको र आफूभन्दा सानो उमेर, आफूभन्दा ठूलो उमेरको र आफूभन्दा सानो उमेरका दौंतरी अरू बालबालिकाको सहभागिता हुने हुँदा उनीहरूको अनुभव र भोगाइ, अध्ययन, सामाजिक क्रियाकलापहरूको धारणा, ठीक र बेठीक कुरा छुट्ट्याउने सिपको बारेमा जानकारी हासिल गर्न सक्दछन् । उमेर र अनुभवको आधारमा बालबालिकाका आफ्नै खालका समस्या र चुनौती हुन्छन् । ती समस्या र चुनौतीलाई बाहिर आउन बालबालिकाकै सहयोगमा भरपर्दो मानिन्छ । यी सबै कुर ाको बारे जानकारी नहुँदा पनि बालबालिकाको बाल क्लवमा सहभागिता हुन सकेको छैन । केही बाल क्लव/समूहहरू भित्र बालबालिकाले आफ्नो समस्या र चुनौतीहरू समाधान गर्ने काम गरेको पाइँदैन । बाल क्लवका केही बाल नेताहरू एवं बाल क्लवका सहयोगीका रूपमा रहेका वयस्कले बालबालिकाको समस्या र चुनौतीहरू समाधान गर्ने र बाल विकासलाई उच्च प्राथमिकता दिने कार्यका लागि प्रयोग गर्न नसक्दा पनि बाल क्लवप्रति बालबालिकाहरूको अभिरूचि कम हुन गएको पाइन्छ । बाल क्लव सञ्चालन गर्ने सहजीकरण सीपको जानकारी नहुनु पनि बाल सहभागिताको

बाधक हो । त्यस्तै गरी बालबालिकाहरूलाई आफ्नो अधिकार र सहभागिताको महत्त्वको बारेमा समेत जानकारी नहुनु, सहभागितासम्बन्धी विधि प्रक्रियासम्बन्धी सूचनाको पहुँच नहुनु पनि बाल सहभागिताका बाधाहरू अन्तगर्त पर्दछन् ।

**ज) स्पष्ट नीति तथा परिपाटी नहुनु**

बालअधिकार सम्बन्धी महासन्धिले प्रावधान अनुसार राज्यले बाल सहभागिता सुनिश्चित गर्न एउटा सैद्धान्तिक पक्षको रूपमा रहेको भए तापनि हालसम्म राज्यले बालबालिकाको सहभागिता सम्बन्धी स्पष्ट नीति र परिपाटी विकास गर्न सकि रहेको छैन । यसले गर्दा बाल सहभागिता कसैले लहड, रहर र दवावमा मात्र कहिलेकाहीँ कुनै-कुनै क्षेत्रहरूमा मात्र अभ्यासमा ल्याउने गरेको पाइन्छ । जसले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न बाधा उपत्पन्न गराइरहेको छ । परिपाटी र सो परिपाटी कार्यान्वयन गर्ने दायित्व बढेको निकाय स्पष्ट नै नहुन बाल सहभागिताको महत्त्वपूर्ण बाधाको रूपमा देखिन्छ ।

**झ) विभेदकारी र श्रेणीबद्ध संस्कार**

हाम्रो नेपाली समाज जातजाति धर्म सामाजिक स्तर उमेर पद एवं पेशाको आधारमा श्रेणीबद्ध रूपमा विभक्त छ । ठूलो मान्छे सानो मान्छे ठूलो पदको साने पदको प्रौढ/बालक आदिको आधार मा समाजमा विभेद संस्कारले व्याप्त छ । सबै कामलाई समान रूपमा हेरि सबैको भूमिका उत्तिकै हुन्छ भन्ने कुरालाई हाम्रो संस्कृति र संस्कारले स्वीकार गर्न सकेको छैन अर्थात उमेर वा पदीय दायित्वले ठूलो हुँ भन्नेहरूले आफु भन्दा सानाहरूको पनि विचार हुन्छ र त्यसलाई सुन्नु मेरो दायित्व हो भनेर स्वीकार गर्दैनन् । कतिपय अवस्थामा त विचार सुन्नु पर्दा सानो र सर्वस्व गुमेको असह्य ठान्दछन् । त्यतिमात्र होइन सानो मान्छे/सानो पदको व्यक्तिले ठूलो पद, उमेर वा ठूलो पदीय दायित्व भएका सामू आफ्नो विचार राख्ने हैसियत नै नराख्ने विकृत अवस्था नेपाली समाजमा व्याप्त छ । यस संस्कारले उमेरले साना नानीहरूको बालअधिकार सुनिश्चित गर्न, उनीहरूको अर्थपूर्ण र नैतिक सहभागिता सुनिश्चित गर्न यस क्षेत्रमा लाग्नेहरूका लागि चुनौती खडा गरेको छ र बाल सहभागितामा बाधा बनेको छ ।

**ई) बाल सहभागिताका चुनौतीहरू**

बाल सहभागिता प्रबर्द्धन गर्ने सबालमा आउने सबै खाले बाधा र चुनौतीहरूको सामना गरी अर्थपूर्ण र नैतिक बाल सहभागिता सुनिश्चित गर्नु बालबालिकाको क्षेत्रमा काम गर्ने अर्थात बालबालिकासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने सबै व्यक्ति परिवार, सङ्घसंस्था, समुदाय राज्य र त्यसका र निकायहरूको मुख्य चुनौतीको विषय बनेको छ । अतः बाल सहभागिता सम्बन्धी केही महत्त्वपूर्ण चुनौतीहरू तल उल्लेख गरिएको छ :

- प्रत्येक प्रौढमा बालबालिकालाई एउटा बस्तु तथा निरीह प्राणीको रूपमा भन्दा पनि एक मानवको रूपमा स्वीकार गरी मान्यता दिने सोचाइ र संस्कृतिको विकास ;
- बालबालिकाको क्षमताको पहिचान र मान्यता प्रदान ;
- बाल क्लव/समूहहरूको स्पष्ट संरचना, संस्थागत विकास एवं, बालबालिकाको क्षमता विकास र प्रभावकारी समन्वय ;
- सबै बालबालिकाको समूहमा पहुँच विस्तार र आवाजको सुनुवाइको सुनिश्चितता ;
- घर परिवार, समुदाय, विद्यालय, बाल केन्द्रित संस्था तथा बाल सरोकार राख्ने राज्यका निकायहरूमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने स्पष्ट नीति तथा परिपाटीको विकास र प्रभावकारी कार्यान्वयन ;
- सरोकार पक्षहरूको चेतना तथा क्षमता र उत्तरदायित्व विकास ;
- बालबालिकाको सुरक्षा र संरक्षणको प्रत्याभूति एवं दुरुपयोगबाट संरक्षण ;
- अवसरको समानता तथा समावेशीकरणको सुनिश्चितता ;
- बालबालिकाको निम्ति उपयुक्त र बाल मैत्री सशक्तीकरणको वातावरण सिर्जना ;
- बाल सहभागिताको क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूबिच प्रभावकारी समन्वयको कमी तथा अस्वस्थ प्रतिस्पर्धा ;
- स्वयं बालबालिकाहरूलाई समेत विभिन्न समूहहरूमा विभक्त तथा बाल समूहबीचको प्रभावकारी समन्यवको कमी ;
- बाल सहभागिताको स्पष्ट नीति र परिभाषा नहुनु, सहभागिता कहाँसम्म पुग्ने निश्चित नहुनु ;
- स्वयम् बालबालिकाहरूमा समेत बाल अधिकार र बालबालिकाको दायित्व सम्बन्धित चेतना र जिम्मेवारिता ;
- बालसमूहहरूको संस्थागत विकास र दिगोपन तथा सरोकार निकाय समक्षको पहुँच विस्तार ।

## २.५. बाल सहभागिता सम्बन्धी कानुनी तथा नीतिगत आधारहरू

**अ) कानुनी आधारहरू**

**१. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा १९४८**

यसले प्रत्येक मानिसको आफ्नो विचारको स्वतन्त्रता अभिव्यक्ति, सूचनाको पहुँच, सङ्घसंस्था खोल्ने र सङ्गठित हुने अर्थात् आफूसँग सरोकार राख्ने विषयमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहभागी भै लाभ लिनुका साथै प्रभाव पार्ने अधिकार सुनिश्चित गरेको छ । सहभागिता मानव अधिकारको आधारभूत सिद्धान्त कै रूपमा यसले स्वीकार गरेको छ भर्ने अर्कोतर्फ बाल अधिकारलाई विशेष अधिकारको रूपमा समेत स्थापित गरेको छ ।

**२. बाल अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि** (CRC) १९८९

यसले बाल सहभागितालाई मुख्य सिद्धान्त मानेको छ । धारा १२, १३, १४, १५ र १७ मा बालबालिकासँग विचारको स्वतन्त्रता, विचारको कदर र प्राथमिकता इच्छा धर्म, संस्कति र परम्परा मान्ने र भाग लिने एवं सङ्घसंस्था खोली सङ्गठित हुने अधिकारको कानुनी व्यवस्था गरेको छ । यसलाई नेपालले सन् १९९० सेम्टेम्बर १४ मा अनुमोदन समेत गरि सकेको छ ।

**३. बालबालिकासम्बन्धी ऐन २०४८ र नियमावली २०५१**

यस ऐनको प्रस्तावनामै बालबालिकाको अधिकार प्रत्याभूत गरी उनीहरूको उच्चतम हक हित गने भन्ने कुरा उल्लेख गरिएको छ ।

**४. नेपालको अन्तरिम संविधान २०६३**

यसले बालबालिकाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ भने अर्को तर्फ स्वतन्त्रताको हक, सूचनाको हक, सङ्घसंस्था खोल्ने, स्वतन्त्रपूर्वक आफ्नो आवाज प्रस्तुतीकरण गर्ने, समाज विकास र राज्य सञ्चालनमा समाजका हरेक वर्ग समूह र परिस्थितिका व्यक्तिहरूको समावेशी सहभागिता सुनिश्चित गरेको छ ।

**५. बाल अधिकार प्रबर्द्धन संरक्षण र कार्यान्वयन गर्न बनेको प्रस्तावित ऐन २०६३**

यो ऐनको मस्यौदा तयार भई छलफलका लागि संसदमा पेश भएको छ । यसमा विशेष गरी राज्यका प्रत्येक संरचनामा बाल सहभागिताको संस्थागत संरचनामा सुनिश्चित गरेको छ । तापनि राजनैतिक प्रतिबद्धतामा कमी भएका कारण हालसम्म कानून मन्त्रालय अन्तगत विचाराधीन अवस्थामै रहेको पाइन्छ ।

**६. शिक्षा ऐन तथा नियमावलीमा बालबालिकाका अधिकारसम्बन्धी बनेको नीतिगत व्यवस्था**

शिक्षा ऐन–२०२८, संशोधन २०६५ को धारा १३३ र १३४ मा विद्यालयमा शिक्षक र बालबालिकाले पालना गर्नु पर्ने आचार संहिता उल्लेख गरिएको छ ।

**अ) शिक्षा मन्त्रालय तथा नागरिक समाजहरूद्वारा लागू गरिएका नीतिहरू**

विभिन्न नागरिक संस्था तथा शिक्षा मन्त्रालय तथा राज्यका निकायहरूद्वारा तयार गरी लागू गरिएका सहभागिता सम्बन्धी नीति तथा परिपाटीहरू समेत बाल सहभागिता प्रबर्द्धनका महत्त्वपूर्ण आधारहरू हुन् ।

## २.६. बाल सहभागिताका न्यूनतम मापदण्ड/आधारहरू

कुनै पनि बाल सरोकारका विषयहरूमा बालबालिकाको अर्थपूर्ण र नैतक सहभागिता सुनिश्चित गर्न सहभागिता सुनिश्चित गर्ने क्रममा केही निश्चित मापदण्ड/आधारहरू पुरा हुन जरूरी छ । अर्थात् यी न्यूनतम आधारहरूको सुनिश्चितता विना अर्थपूर्ण रूपमा बालबालिकाको सहभागिता

सुनिश्चित गर्न सकिँदैन तसर्थ विद्यालयले बालबालिकाको सहभागिताका लागि यी आधारहरू सुनिश्चित गर्न सदा क्रियाशील रहने छ ।

**क) इमान्दारिता, पारदर्शिता र जवाफदेहिता**

बालबालिकाको सहभागिता सुनिश्चित गर्न विद्यालय सदा इमान्दार रहने छ । सरोकार संस्थाको इमान्दारिता विना बाल सहभागिता सम्भव नहुने हुँदा विद्यालयका लागि सदा उत्तरदायी रहने छ । बाल सहभागिताको लक्ष्य विधि, प्रक्रियामा पारदर्शी नीति अपनाउनु पर्दछ । बालसहभागिता सुनिश्चित गर्नु प्रत्येक राज्य प्रौढ र निकायहरूको उत्तरदायित्वको विषय हो । बाल सरोकार का विषयको निर्णय, कार्यान्वयन र अनुगमनको प्रक्रियामा समेत इमान्दारिता र पारदर्शीता साथ अगाडि बढ्न विद्यालय उत्तरदायी हुनु पर्दछ । सोका लागि अभिभावक, व्यवस्थापन, कर्मचारी, शिक्षक स्वयं सेवक तथा स्वयं बालबालिकामा उत्तरदायित्वको विकास गर्दै लगिने छ ।

**ख) अवसरको समानता**

सबै उमेर समूह, क्षमता र परिस्थितिका बालबालिकाको सहभागिता सुनिश्चित गर्न चाहे बाल क्लवमा सहभागिता हुने सबालमा होस् चाहे तालिममा भाग लिनु । चाहे शिक्षण सिकाइ प्रक्रिया तथा कुनै पनि बाल सरोकारका विषयहरूको निर्णय, कार्यान्वयन र अनुगमन प्रक्रियामा समेत अवसरको समानताको सुनिश्चित गरिनु जरूरी छ । बालबालिकाको समान सहभागिता सुनिश्चित गर्न आउने बाधाहरूलाई न्यूनीकरण गर्न विद्यालय सदा सक्रिय रहनु पर्दछ ।

**ग) स्वयं सेविता र उपयुक्तता**

सहभागिताको सबाल प्रत्येक बालबालिकाको नितान्त व्यक्तिगत सबाल रहेको हुँदा त्यस्तो सहभागिता थोपरिने र करकापको होइन कि बालबालिकाको स्वयंसेवितामा आधारित हुनु पर्दछ । त्यस्तै गरी सहभागिता बालबालिकाको उमेर क्षमता र आवश्यकता अनुरूपको हुनु पर्दछ । स्वयंसेविता र उपयुक्तता विना बाल सरोकारका कुनै पनि सबालमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नसकिने हुँदा विद्यालय एवं सम्बन्धित पक्ष सदा सो प्रति सचेत रहनु पर्दछ ।



*समुदाय स्तरमा नीति सम्वन्धमा छलफल*

**घ) बाल मैत्री क्षमता विकासको वातावरण**

बाल सहभागिताको अन्तिम लक्ष्य नै बालबालिकाको सशक्तीकरण गर्ने हुनु पर्दछ । सहभागिता बढाउन सञ्चालन गरिने विधि र प्रक्रिया बाल मैत्री र

बालबालिकाको नेतृत्व एवं क्षमता विकासको वातावरणमा हुनु पर्दछ । बाल मैत्री वातावरण सुनिश्चित गर्न बालबालिकासँग प्रयोग गरिने भाषा बालबालिकाले बुझ्न सक्ने, बसाइ बाल मैत्री र सकारात्मक शैली व्यवस्थित गरिनु पर्दछ । सहभागिताले बालबालिकाको क्षमता विकास र सशक्तीकरणका पर्याप्त मार्ग प्रशस्त गर्नु पर्दछ । सहभागिताको कुरा गर्दा बालबालिकाको विकासको सुनिश्चिततामा कुनै नकारात्मक असर/बाधा पुग्नु हुँदैन । यस सबालमा प्रत्येक सरोकारवाला समेत सजग रहनु पर्दछ ।

**ङ) बालबालिकाको सुरक्षा र संरक्षणको प्रबर्द्धन**

बाल सहभागिताले अनिवार्य रूपमा बालबालिकाको सुरक्षा र संरक्षणको प्रबर्द्धन गरेको हुनु पर्दछ । जब सम्म बालबालिका स्वयं सुरक्षित महसुस गर्दैनन् र उनीहरूको संरक्षण हुन सक्दैन । बालबालिकाले स्वतन्त्र रूपमा आफ्नो विचार राख्न सक्दैनन् । सहभागिताको नाममा हुन सक्ने बालबालिकाको दुरुपयोग र शोषण अर्थात बालअधिकार हनन् हुन नदिई बाल सहभागितासँग सरोकार राख्ने जो कोही विद्यालय क्रियाशील रहनु पर्दछ। अर्थात् बालबालिकाहरू आफूमा समेत सुरक्षित रहन उनीहरूलाई सशक्तीकरण गर्नु पर्दछ जसले बाल संरक्षणको स्थितिमा समेत प्रबर्द्धन गर्दछ।

**च) समुदाय र अभिभावकसँगको सम्बन्ध**

बालबालिकाको सहभागिता प्रबर्द्धन गर्न सञ्चालित हरेक क्रियाकलापहरू बालबालिकाको समुदाय र अभिभावकसँग सम्बन्ध अझ घनिष्ट बनाउने खालको हुनु पर्दछ । त्यस्ता गतिविधिहरूमा बालबालिकालाई संलग्न गराउनु पूर्व परिवारको सहमति र स्वीकृती लिनु अर्थात जानकरी गराउनु जरूरी छ। समुदाय र परिवारबाट बालबालिकालाई बाहिर झिकेर बाल सहभागिताको कुरा गर्न मिल्दैन।

**छ) अनुगमन र मूल्याङ्कनको सुनिश्चिता**

बालबालिकाको सहभागिता सुनिश्चित गर्न सञ्चालित हरेक गतिविधिहरूको नियमित रूपमा अनुगमन गर्दै जानु पर्दछ। त्यसले बालबालिका र उनीहरूको अधिकार सुनिश्चित गर्ने अभियानमा कस्तो प्रभाव परेको छ ? सकारात्मक या नकारात्मक, बालबालिकाको उच्चतम हित सुनिश्चित छ या छैन । बाल सहभागिताका, न्युनतम मापदण्डहरूको सुनिश्चितता ? भएको छ, छैन ? बाल सहभागिता सुनिश्चितताका लागि हाम्रा प्रतिबद्धता पूरा भए भएनन्, नियमित रूपमा मूल्याङ्कन गरी प्राप्त अनुभव र पृष्ठपोषणको आधारमा गतिविधिहरूको परिमार्जन गर्दै जानु पर्दछ । बाल सहभागिता अनुगमन र मूल्याङ्कन प्रक्रियामा समेत बालबालिकाको सहभागिता सुनिश्चित गर्नु पर्दछ।

**ज) आत्म विश्वासी र प्रभावकारी सहजकर्ता**

बाल सहभागिता सुनिश्चित गर्न बाल मैत्री दक्ष सहजीकरणको जरूरत पर्दछ । सहजकर्ता आफैमा आत्म विश्वासी, सकारात्मक सोच भएको र सहजीकरणका वैकल्पिक सीपहरूमा ज्ञाता हुनु पर्दछ । यसका लागि विद्यालयले सहजकर्ता पहिचान गरी उनीहरूको समेत क्षमता विकास गर्नु जरूरी छ ।

## २.७. बाल सहभागिता प्रबर्द्धनको सबालमा विर्सन नहुने महत्त्वपूर्ण ६ पक्षहरू

- भेदभाव रहित : सबै खाले उमेर, वर्ग, क्षमता र परिस्थितिका बालबालिकाको समावेशी पहुँचको सुनिश्चितता
- दीर्घजीवन र विकासको सुनिश्चितता : सहभागिताको अन्तिम लक्ष्य बालबालिकाको दीर्घकालीन र भावी जीवनका लागि विकासको सुनिश्चितता गर्ने हुनु पर्दछ ।
- बालबालिकाको उच्चतम हित : बाल सहभागिता सुनिश्चित गर्न सञ्चालित प्रत्येक क्रियाकलाप र निर्णयहरू बालबालिकाको उच्चतम हित तर्फ केन्द्रित हुनु पर्दछ । सहभागिताले आफ्नो लक्ष्यको केन्द्रमा बालबालिकाको हित राख्नु पर्दछ ।
- बालबालिकाको विचार र भावनाको कदर

प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संलग्नता, विचार र भावनाको सम्मान

- नैतिक मूल्यमा आधारित : इमान्दारिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चिता

संवेदनशीलता : बाल सहभागिता बाल अधिकारका आधारभूत सिद्धान्तमा आधारित छ या छैन, सहभागिता बालबालिका सुहाउँदो र उनीहरूको उच्चतम हितमा छ छैन सदा संवेदनशील रहनु पर्छ ।



## २.८. बाल सहभागिताका विभिन्न चरण/तहहरू

बालबालिकाको सहभागिताको कुरा गर्दा हालसम्म भएका प्रयासहरूलाई हेर्दा रोजर हट (१९९२)ले तयार गरेका बाल सहभागिताको भरेङ्ग (आठ तह) र Gerison lansdown (सन् २०००) ले अभ्यासमा ल्याएका ३ शैलीहरूलाई बढी अभ्यासमा ल्याएको पाइन्छ। आफ्नो कार्य अनुभवको आधारमा चिल्ड्रेन-नेपालले बाल सहभागिताको तह र शैलीहरूलाई यसरी परिमार्जित गरी व्यवहारमा उतारेको छ।

### बालसहभागिताका तहहरू
***Ladder of Child Participation***

९. **शुरूवात बालबालिकाबाट गरिएको प्रौढसँगको विचार विमर्शपछि निर्णय भएको।** (Child initiated but decided after consultation with adults)

८. **बालबालिकाबाट शुरूवात गरिएको र निर्णय गरिएको।** (Child initiated & Decided)

७. **प्रौढ र बालबालिका दुवै साझेदार भएर काम गरेको।** (Working in partnership)

६. **प्रौढद्वारा शुरू गरिएको भए पनि बालबालिकाको विचारलाई प्राथमिकता दिई निर्णय गरिएको।** (Adult initiated, decided after taking childrens openions as priority)


५. **प्रौढद्वारा शुरू गरिएको भए पनि बालबालिकाहरूको विचार समावेश गरेको।** (Adult initiated but consulted with children)

४. **बालबालिकाहरूलाई खबर दिएर प्रौढबाट शुरू गरिएको।** (Assigned but informed)

३. **बालबालिकालाई कोटा दिएको** (Tokenism) : **साना बालबालिकालाई छनोट गरी प्रौढको मञ्चमा देखाउन राख्नु।**

२. **सिंगारिएको** (Decoration) : **१० वर्ष मुनिका बालबालिकालाई "ठूला" व्यक्ति आउँदा फूलमाला दिन लगाउनु, दिवसहरूमा सामग्री वितरण गर्नु।**

१. **अपव्याख्या गरिएको** (Manipulation) : **प्रा.वि. तहका (१० वर्ष मुनिका) बालबालिकालाई जुलुशमा समावेश गराउनु।**



**१. अपव्याख्या गरिएको (Manipulation)**

प्रौढको स्वार्थमा बालबालिकाको प्रयोग जस्तैः परियोजनामा देखाउन बालबालिकाको प्रयोग प्राथमिक तहका बालबालिकालाई राजनैतिक दलका ऱ्यालीमा सहभागी गराउनु, बालबालिकासँग परामर्श गर्नु तर उनीहरूलाई त्यसको पृष्ठपोषण (Feedback) नदिनु खेलमैदान कस्तो गराउने भनेर बालबालिकासँग चित्रकला प्रतियोगिता गर्नु तर त्यसले के योगदान गऱ्यो बालबालिकालाई जानकारी नगराउनु, केवल बालबालिकालाई प्रयोगात्मक रूपमा मात्र हेरिनु आदि कुराहरूले बालबालिकाको अपव्याख्या गरेको ठहरिन्छ ।

**२. सिंगारिएको (Decoration)**

सन्देशमूलक टिर्सट वितरण गर्ने, समारोहमा चक्लेट वितरण गर्ने, कुनै अवसरमा बालबालिकालाई गीत गाउन तथा नाच प्रदर्शन गर्ने कार्यमा मात्र संलग्न गराउनु/लगाउनु, आदि । क्रियाकलापहरू प्रतिभा विज्ञापनसँग सम्बन्धित हुने हुनाले उनीहरूको सम्मान हुने गर्दछ ।

**३. साङ्केतिक (Tokenism)**

साङ्केतिक रूपमा मञ्च/समारोहमा साना बालबालिकाका प्रतिनिधिलाई ठूला मानिसहरूसँग राख्नु, प्रौढले १/२ जना बालबालिकालाई छनोट गरेर सहभागी गराउनु समितिहरूमा बालबालिकाको नाम समावेश गर्नु र आफुले चाहे अनुसार निर्णय गराउनु पनि बालबालिकाका निम्ति उल्लखनीय व्यवहारहरू हुन् ।

**४. बालबालिकालाई खबर दिएर प्रौढबाट सुरु गरिएको (Assigned but informed)**

बालबालिकालाई जानकारी तथा सूचित गराई त्यस विषय र उसको भूमिकाप्रति स्पष्ट पारिन्छ, बुझाइन्छ र संलग्नता जुटाइन्छ । यस अवस्थामा सबै कुरा प्रौढले गर्दछ र आफूले गरेको कुरा बालबालिकासँग जानकारी गराइन्छ । बालबालिकालाई काममा परिचालन गर्ने, खानेपानी तथा विद्यालय सरसफाई कार्यक्रममा बालबालिकाको सहभागिता परियोजना सञ्चालन/कार्यक्रममा बालबालिकाको स्वयंसेवीता जुटाउने, बालबालिकालाई सम्बन्धित परियोजना बारेमा स्पष्ट पारी उनीहरूलाई कामको जिम्मेवारी दिने, यस तहमा बालबालिकाले परियोजनाको महत्त्व र आशय स्पष्टसँग बुझेका हुन्छन् र आफ्नो संलग्नता जनाउँछन् । उनीहरूको संलग्नताको निर्णय किन र कसले गर्दछ भन्ने कुरा बालबालिकाहरूलाई जानकारी हुन्छ । तर निर्णयमा उनीहरूको पहुँच र हुँदैन । वार्षिक भेला आदिमा बालबालिकालाई महत्त्वपूर्ण वक्ताको रूपमा बोल्न लगाउनु पर्दछ ।

**५. प्रौढबाट सुरु गरिएको भए पनि बालबालिकाको विचार समावेश गरेको (Consulted and Informed)**

परामर्श लिइएको र जानकारी दिइएको, यस तहमा बालबालिकाहरू प्रौढको consultant को रूपमा

रहन्छन् । कुन विषयमा निर्णय लिने हो सो बारेमा उनीहरू सुसूचित रहन्छन् । बालबालिकाको विचार राख्नु पूर्व उनीहरूलाई निर्णय प्रक्रिया स्पष्ट हुन्छ । बालबालिकाको विचारलाई निर्णय प्रक्रियामा संवेदनशील भएर लिइन्छ । बालसरोकारका विषयमा निर्णय लिनुपुर्व बालबालिकासँग परामर्श गरी उनीहरूको विचारलाई प्राथमिकता दिई प्रौढहरूले निर्णय गर्दछन् । तर निर्णय लिने अरू प्रक्रियामा बालबालिकाको कुनै सहभागिता भने रहँदैन । न त उनीहरूलाई निर्णय नै सुनाइन्छ ।

**६. प्रौढद्वारा सुरु गरिएको भए पनि बालबालिकासँग विचार विमर्श गरी उनीहरूको विचारलाई प्राथमिकता दिई निर्णय गरिएको (Adult Initiated, Shared Decisions with Children)**

यस तहमा थालनी प्रौढबाट भए पनि बालबालिकाको विचार र संलग्नताले प्रौढबाट गरिने निर्णयलाई महत्त्वपूर्ण प्रभाव पार्दछ । बालबालिकाहरूले स्वतन्त्र रूपमा आफ्नो विचार राख्न पाउँछन् र प्रौढले उनीहरूको विचारप्रति प्राथमिकता दिई निर्णय गर्दछन् ।

**७. समितिहरूमा राख्ने र साझेदारको रूपमा सँगै कार्य गर्ने (Commited in adult committee)**

परिपक्व भएका वा १४ वर्ष भन्दा माथिका बालबालिकाहरूलाई बाल सरोकार राख्ने समिपतिहरूमा राखी सँगै बसी निर्णय गर्ने अर्थात् सँगै मिली कार्य गर्ने अवसर सिर्जना हुन्छ । बालबालिका र प्रौढको निर्णयमा समान हैसियत र पहुँच रहन्छ । बालबालिका र प्रौढको फरक क्षमताको महत्त्व रहन्छ र त्यसले निर्णयमा महत्त्वपूर्ण प्रभाव पार्दछ । जस्तै विद्यालय व्यवस्थापन समितिमा १४ वर्षभन्दा माथिका बालबालिकाको सहभागिता/जिल्ला बाल कल्याण समितिमा बालप्रतिनिधिको सहभागिता । यस तहमा प्रौढ सहजकर्ताको न्यून योगदान रहन्छ ।

**८. बालबालिकाबाट सुरुवात गरिएको र बालबालिकाहरूसँग विचार विमर्श गरी स्वयं बालबालिकाले निर्णय गरेको** (Child initiated and directed) :

बालबालिकाको स्वतःस्फूर्ततामा आधारित क्रियाकलाप तथा निर्णय प्रक्रियालाई निरन्तरता दिनइनु पर्दछ । जस्तैः बालबालिकाद्वारा आफ्नो पढने कोठा आफै सजाउने, बालबालिकाहरूले विद्यालय/समुदायमा विविध चेतनामूलक बाल कार्यक्रम सञ्चालन गर्ने जस्ता क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ ।

**९. सुरुवात बालबालिकाबाट गरिएको र प्रौढसँगको विचार आदान प्रदानपछि निर्णय भएको** (Child initiated shared decision with adult) : यस तहमा सुरुवात बालबालिकाबाट हुन्छ र बालबालिकाहरूले प्रौढहरूसँगको राय सल्लाह/परामर्श पश्चात् स्वयं निर्णय गर्दछन् । यहाँ प्रौढ सहजकर्ताको महत्त्वपूर्ण योगदान रहन्छ । जस्तै : बालबालिकाद्वारा शिक्षकसँगको परामर्शमा प्रयोगशालाकक्ष सजावट गर्ने ।

## २.९. बाल सहभागिता सम्बन्धी केही शैलीहरू

विभिन्न उमेर समूह, क्षमता र परिस्थितिका बालबालिकाको सहभागिता सुनिश्चित गर्न निम्न लिखित तिन शैली (Approach) हरू अपनाउन सकिन्छ :

**अ) परामर्श/सुझवुझको शैली (Consultative apporach)**

- यस शैली अपनाउँदा प्रौढ बढी सक्रिय र उत्तरदायी रहन्छ ;
- यसमा सहभागिताको थालनीमा प्रौढबाट विचारको थालनी गरिन्छ ;
- अगुवाई व्यवस्थापन र नियन्त्रण प्रौढमा केन्द्रित रहन्छ ;
- सहभागिताको उपलब्धि/नतिजा नियन्त्रणमा बालबालिकाका लागि न्यून सम्भावनाहरू र हन्छन् ।

तसर्थ बाल सहभागिता सुनिश्चित गर्न प्रतिबद्ध भएका संस्था/निकायमा यो शैली बढी प्रभावकारी रहन सक्दछ । यसका लागि बालबालिका आफ्नो विचार स्वतन्त्र रूपमा राख्ने उपर्युक्त बालमैत्री वातावरण सुनिश्चिताको जरूरत पर्दछ ।

**आ) सहभागितात्मक शैली (Participatrary Approach)**

- यस शैली बालबालिकाको क्षमता र सहभागिता सुनिश्चित गर्ने सबालमा भर पर्दछ ;
- यस विधिमा पनि प्रौढद्धारा सुरु गरिन्छ ;
- यस शैलीमा बालबालिकालाई प्रक्रियामा संलग्न गराइन्छ ;
- यसमा बालबालिकाहरूलाई प्रक्रिया र नतिजामा प्रभाव पार्न सशक्तीकरण गरिन्छ ;
- सहभागितात्मक रूपमा कार्य गर्दै जाँदा बालबालिकाले स्वतःस्फूर्त रूपमा कार्य गर्न आवश्यक सीप समेत सिक्दछन् ।

**इ) स्वतःस्फूर्ततामा आधारित शैली (Self Initiative approach)**

- बालबालिकाद्वारा आफ्ना सबालको पहिचान गरी प्रौढको सहयोगमा अगाडि बद्छन् ;
- प्रौढ यसमा नेता भन्दा सहयोगीको रूपमा मात्र रहन्छन् ;
- यस शैलीमा प्रक्रिया र निर्णणमा बालबालिकाको नियन्त्रण रहन्छ ।

## २.१०. बाल सहभागिताका क्षेत्र/सबालहरू

बाल अधिकार सम्बन्धी महासन्धिको आधारभूत सिद्धान्तले बाल सरोकारका हरेक विषय अर्थात बाल अधिकार सुनिश्चिततासँग सम्बन्धित हरेक पक्ष र क्षेत्रमा बाल सहभागिता सुनिश्चित गरिनु पर्ने कुरालाई आत्मसाथ गरेको छ । बाल सहभागिताका क्षेत्रहरूलाई तलको चार्टमा सामावेशी गर्ने प्रयास गरिएको छ ।

विद्यालय

परिवार

- स्थिति/अवस्था विश्लेषण
- नीति निर्माण तह
- योजना तर्जुमा तह
- कार्यान्वयन प्रक्रिया
- अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

समुदाय

बाल सरोकार संस्था राज्य निकायका/संरचनाहरू

**क) विद्यालयमा बाल सहभागिताका क्षेत्रहरू**

विद्यालयमा बाल सहभागिताको विषयगत क्षेत्रहरू

- विद्यालय सम्बन्धी योजना तर्जूमा नीति नियमहरूको निर्णय प्रक्रिया
- शिक्षण सिकाई क्रियाकलाप/ अतिरिक्त क्रियाकलाप
- विद्यालय व्यवस्थापन प्रक्रिया
- परिक्षा र मूल्याङ्कन प्रक्रिया

- अर्धबार्षिक/बाषिक कार्य तालिका निर्माण
- आचार संहिता नीति निर्माण र कार्यान्वयन
- शिक्षण सिकाई प्रक्रिया
- कक्षा कोठा/विद्यालय व्यवस्थापन
- अतिरिक्त क्रियाकलापहरू
- पुस्तकालय सञ्चालन
- विद्यालय, व्यवस्थापन र समग्र विकास
- शैक्षिक उपलब्धी मूल्याङ्कन अनुगमन
- बाल समूह/विद्यालय यवस्थापन
- समितीहरू गठन र सञ्चालन

**ख) परिवारमा बाल सहभागिताका क्षेत्रहरू**

- पारिवारिक सरोकारका विषयमा छलफल र निर्णय गर्दा
- पारिवारिक जिम्मेवारी विभाजन गर्दा
- मेला पर्व, सांस्कृतिक कार्यक्रम आदिमा सहभागिता हुँदा
- बालबालिकाको शिक्षा, स्वास्थ्यको अवसर सुनिश्चित गर्दा

**ग) संस्थामा बाल सहभागिताका क्षेत्रहरू**

- नीति निर्माण तर्जुमा कार्यान्वयन प्रक्रियामा
- निर्णय गर्ने प्रक्रियामा
- अनुगमन मूल्याङ्कन
- सार्वजनिक सभा, समारोह, मेला/पर्व
- स्रोत साधनको उपयोग
- बालबालिकाको निम्ति कार्यक्रम विकास
- संस्थागत योजना निर्माणको सबालमा
- भौतिक पूर्वाधार विकास

**घ) समुदायमा बाल सहभागिताका क्षेत्रहरू**

- सुमदाय विद्यायय, स्वास्थ्य चौकी, खेल मैदान, पुस्तकालय निर्माण र सञ्चालन
- बाटो निर्माण, खानेपानी जस्ता भौतिक संरचना विकासको निर्णय गर्दा
- सामाजिक चाड, पर्व मेला मनाउँदा
- सामुदायिक विकासको समीक्षा
- सामुदायिक गतिविधि सञ्चालन

## २.११. बाल सहभागिता सम्बन्धी नीतिहरू :

विद्यालयद्वारा बाल सरोकारका विभिन्न क्षेत्रमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न निम्न लिखित नीतिहरू अवलम्बन गरिने छ ।

## अ. विद्यालयमा बालसहभागिता

| शिक्षण सिकाइ प्रक्रियामा बाल सहभागिता | बाल सहभागिता सुनिश्चित गर्न अपनाइने नीतिहरू |
|---|---|
| | **पूर्व प्राथमिक तह**<br>• उनीहरूका विषयमा खेलको माध्यमबाट सहभागिता गराउने ।<br>• संरक्षणको सबालमा ध्यान दिने ।<br>• शब्दभन्दा हाउभाउ र व्यवहार अवलोकनमार्फत् विचार र भावना बुझी व्यवहार गर्ने । |
| | **प्राथमिक तह**<br>• बालबालिकाको व्यवहार अवलोकन गरी उनीहरूको भावना बुझ्ने,<br>• बालबालिकासँग परामर्श सञ्चालन गर्ने,<br>• बालबालिकालाई खेल मनोरञ्जन मार्फत् शिक्षण सिकाइ प्रक्रियामा जोड दिने।<br>• बालबालिकाको रूची अनुसार कार्यतालिका तयार गरी सिकाइ गर्ने,<br>• शिक्षण सिकाइ प्रक्रियामा बालबालिकाको स्वतःस्र्फूत सहभागिता सुनिश्चित गर्ने पयाप्त उत्प्रेरणा जगाउन गीत, कथा, अभिनय, प्रयोगमा ल्याउनुका अतिरिक्त बाल मैत्री विधि र सकारात्मक र अर्थपूर्ण भाषाको प्रयोग गने र् (जस्तै कक्षा फोहोर नगरौं भन्नुको सट्टामा कक्षा सफा राखौं भन्ने जस्ता सकारात्मक भाषाको प्रयोग गर्ने)<br>• पर्याप्त शैक्षिक सामग्रीहरूको सङ्कलन र प्रयोग<br>• गर्ने शैक्षिक सामग्री सङ्कलनमा समेत बाल सहभागिता सुनिश्चित गर्ने,<br>• शिक्षण सिकाइ, प्रक्रियामा के गर्न हुन्छ ? के गर्न हुँदैन भन्ने व्यवहार निर्देशिका बालबालिकाकासँगै बसी तयार पारेर लागू गर्ने ।<br>• प्राथमिक तहको शिक्षणलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित शिक्षण विधिहरू अपनाउने<br>• उनीहरूको शारीरिक अवस्था, बाल मनोविज्ञान अनुसार कक्षा कोठाको व्यवस्थापन गर्ने<br>• उनीहरूले स्वःस्र्फूत तरिकाले आफ्ना भावनाहरू व्यक्त गर्न नसक्ने हुनाले अत्यन्त सरल प्रश्नावली तयार पार्ने र प्रश्नावलीको अध्ययन गरी निष्कर्षमा पुग्ने । |

| **शिक्षण सिकाइ प्रक्रियामा बाल सहभागिता** | **बाल सहभागिता सुनिश्चित गर्न अपनाइने नीतिहरू** |
|---|---|
| | • बालबालिकालाई समूहमा विभाजन गरी उनीहरूलाई पालैपालो टोलीको सहभागिताका लागि सहयोग गर्ने ।<br>• उनीहरूले गर्न हुने र नहुने कुरा लेखी गरी टाँसेका आचार संहिताहरूलाई कार्यान्वयन भए नभएको अनुगमन र मूल्याङ्कन गर्ने,<br>• १२ वर्षका प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीको पूर्व बाल समूह नाम दिई प्रतिनिधित्व र सहभागिता जुटाउने साथै नि.मा.वि., मा.वि. का विद्यार्थी १२-१८ सम्मकालाई बाल स्वावलम्बन समूहमा आबद्ध गराउने ।<br>• विद्यार्थीका कमी कमजोरीलाई सार्वजनीकरण नगर्ने<br>• उमेर अनुसारका शब्द चयन गरी शिक्षण सञ्चालन गर्ने<br>• बाल केन्द्रित क्रियाकलापहरूलाई मात्र प्राथमिकता दिने<br>• बाल बालिकाको इच्छा, भावनाको उचित कदर गर्ने<br>• सरोकारवालाहरूमा रहेको विचारलाई प्रजातान्त्रिक बनाउन<br>• बालबालिकालाई उपेक्षित गर्ने प्रवृत्तलाई निरूत्साहित तुल्याउन क्रियाकलाप सञ्चालन गर्ने वातावरण बनाउने प्रयासलाई निरन्तरता दिने<br>• कमी कमजोरीका लागि तुरून्तै व्यक्तिगत रूपमा पृष्ठपोषण दिने<br>• आवश्यकता अनुसार बालबालिकाको सहभागितामा प्रश्न निर्माण तथा उत्तर पुस्तिका जाँच गर्ने अर्थात् मूल्याङ्कन प्रक्रियामा संलग्न गराउने |
| | निम्न माध्यमिक तह :<br>• यस तहमा शिक्षण सिकाइ प्रक्रियामा सहकार्य र साझेदारीको शैली अपनाउने<br>• शैक्षिक सामग्री निर्माण र सङ्कलनमा बालबालिकालाई उत्साहित गर्ने<br>• खेलका नियम बनाउने (लागु गराउने)<br>• कक्षाको कोठाका नियम बालबालिकासँग बसी बनाउने र लागू गर्ने<br>• आवश्यकताअनुसार बालबालिकाको सहभागितामा प्रश्न निर्माण तथा उत्तर पुस्तिका जाँच गर्ने अर्थात मूल्याङ्कन प्रक्रियामा संलग्न गराउने<br>• बालबालिकाको संलग्नता बढाउन छलफल अभ्यास, समस्या समाधान, भूमिका प्रदर्शन, कार्यशाला सञ्चालन जस्ता सहभागितात्मक विधि हकको अवलम्बन गर्ने<br>• व्याख्यान बाल समूहको गठन गरी परिचालनमा सहयोग पुऱ्याउने विधिको न्यून प्रयोग गर्दै बाल केन्द्रित शिक्षण विधि अपनाउने |

| | |
|---|---|
| | माध्यमिक तहमा बाल सहभागिता सुनिश्चित गर्न स्वत: स्फूर्तता विधिमा जोड दिने<br>• बालबालिकासँग बसी शैक्षिक सामग्री सङ्कलन निर्माण र प्रयोगमा बालबालिकालाई जिम्मेवारी सुम्पने<br>• विद्यालय/कक्षा कोठाका आचार संहिता र नियमहरूको निर्माण गरी कार्यान्वयन गर्ने<br>• समूहगत रूपमा प्रश्न सोध्ने र उत्तर दिने सकारात्मक सीप र कलाको प्रबर्द्धन गर्ने<br>• अतिरिक्त क्रियाकलापहरू सञ्चालनमा बालबालिकालाई पर्याप्त अवसर उपलब्ध गराई शैक्षिक लक्ष्यमा केन्द्रित गर्ने ।<br>• शिक्षण सिकाइ प्रक्रियामा बालमैत्री प्रशंसात्मक भाषाको प्रयोग गर्ने ।<br>• शिक्षक कक्षा कोठाको नेताभन्दा बालबालिकाको सहयोगी/सहजकर्ताको रूपमा रहने<br>• आवश्यकताअनुसार बालबालिकाको सहभागितामा प्रश्न निर्माण तथा उत्तर पुस्तिका जाँच गर्ने अर्थात् मूल्याङ्कन प्रक्रियामा संलग्न गराउने |
| **नीति निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता** | • १४ वर्ष उमेर पूरा गरेका बाल प्रतिनिधिहरूलाई आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिमा मनोनयन/प्रतिनिधिको रूपमा राख्ने<br>• विद्यालय सम्बन्धी भर्ना, वार्षिक योजना, विषय छनोट, शिक्षक नियुक्ति शिक्षक/विद्यार्थीको सुविधा विद्यालयका नीति नियम तयारी गर्नु जस्ता विषयको निर्णय गर्नु पूर्व बालबालिका प्रतिनिधिहरू समक्ष परामर्श गरी उनीहरूको राय लिई उनीहरूको विचारलाई प्राथमिकता दिई निर्णयमा पुग्ने ।<br>• विद्यालयमा भएका बाल क्लव समूहहरूबिच एक सञ्जाल गठन गरी बालबालिकाका सबालहरू स्वत: सञ्चालन मार्फत् नीति निर्माण तहमा ल्याउने परिपाटी सुनिश्चित गर्ने । |
| **नीति नियम कार्यान्वयन प्रक्रिया** | • विद्यालयमा भर्ना हुन आउने प्रत्येक बालबालिकालाई विद्यालयको नीति नियम र आचार संहिताको बारेमा जानकारी गराउने<br>• सम्पूर्ण विद्यार्थीलाई नीति नियम कार्यान्वयनका रणनीति तयार गर्दा बालबालिकालाई अग्रसर गराउने<br>• बनि सकेका नीति नियमहरूको अनिवार्य रूपमा पालना गर्न प्रेरणा जगाउने<br>• नीति नियम थपघट गर्नु पर्ने भएमा विद्यार्थीहरूसँग आवश्यक परामर्श गर्ने<br>• अतिरिक्त क्रियाकलाप शैक्षिक सामग्रीहरूको सङ्कलन र प्रयोग भौतिक पक्षको संरक्षण र उपयोग आदि पक्षमा विशेष जोड दिई निर्माण गरिएका नीति नियमहरूको पालना सहज तरिकाले गर्न सकिने अवस्थाहरूको खो जी गरी कार्यान्वयन पक्ष सरलतातर्फ उन्मुख होस् भन्नेमा जोड दिने |

| | |
|---|---|
| | • बालबालिकासँग सरोकारवाला सम्पूर्ण पक्षहरूलाई नीति नियमको बारेमा जानकारी गराई कार्यान्वयन पक्षमा सहयोग गर्न आग्रह गर्ने<br>• विद्यार्थीहरूले स्वतःस्फूर्त रूपमा अपनाएका नीति नियमहरूको कार्यान्वयन भए नभएको निगरानी गर्ने यदि नभएमा कार्यान्वयन पक्षको बारेमा सुझाउ दिने ।<br>• विद्यार्थीहरूको गुणस्तरीयता बृद्धि गर्नका लागि उचित पुरस्कारको समेत व्यवस्था गर्ने ।<br>• बालबालिकाहरूको कार्यक्रम प्रक्रिया पारदर्शी गराउँदै आवश्यक छलफल गरी निष्कर्षमा पुग्ने ।<br>• वार्षिक, शैक्षिक कार्यक्रमका लागि निर्माण भएमा नीति नियमहरू तहगत रूपमा छुट्याई कुन कुन पक्षबाट कुन कुन विषयमा विशेष जोड दिई कार्यान्वयन गर्नु पर्ने हो त्यसका बारेमा जानकारी दिइने छ/गराइने छ |
| **प्रभाव अध्ययन तथा मूल्याङ्कन प्रक्रियामा बाल सहभागिता** | • प्राथमिक स्तरमा प्रश्न पत्र निर्माण गर्दा कक्षामा विद्यार्थीहरूले बढी मात्रामा मन पराउने Model बाट विषयवस्तुको मूल्याङ्कन प्रक्रिया अपनाउने जस्तै : जोडा मिलाऊ/ठीक बेठिक/खाली ठाउँमा भए चित्र हेरेर जवाफ दिने<br>• विद्यार्थीहरूले मन पराउने खालका खेलकुद राख्ने<br>• मा.वि./नि.मा.वि. तहमा हुने Speccific grid को पहुँच विद्यार्थी/अभिभावक सम्म पुऱ्याउने<br>• बालबालिकालाई उपेक्षित गरी बनाइएका कार्यक्रम उनीहरू बिच प्रभावकारी नहुने हुँदा बाल सहभागितालाई प्रोत्साहन गर्नु पर्ने,<br>• कुनै खेलमा बढी अभिरूची राख्ने विद्यार्थीलाई उक्त खेलको संयोजक बनाउन सकिने<br>• निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने,<br>• विद्यालयको शैक्षिक एवं अन्य रकेर्डहरूको मूल्याङ्कन विश्लेषण गर्दा विद्यार्थी तथा अभिभावकहरूको अनिवार्य सहभागिता गराउने ।<br>• प्रश्न पत्र निर्माण गर्दा विद्यार्थीहरूको सिर्जनशीलता र आफ्नो परिवेश भित्र पर्ने खालका राख्नु पर्ने जस्तै : तिमीले देखेका, भ्रमण गरेका बारेमा अनुच्छेद लेख ।<br>• बालबालिकाले प्राप्त गरेको उपलब्धिलाई विद्यार्थीहरूले आफै अवलोकन गर्न र त्यसमा सुधार गर्न सक्ने आधारहरू सुनिश्चित गर्ने<br>• कुनै कार्यक्रम पूर्व र कार्यक्रम पश्चात् हुने तयारी र मूल्याङ्कन बैठकहरूमा विद्यार्थीहरूका सहभागिता सुनिश्चित गर्ने |

| | |
|---|---|
| | • बालबालिकाका कमजोरीहरूलाई उनीहरूबिच नै छलफल गराएर अगाडि बढ्ने अवसर प्रदान गर्ने<br>• नमुना प्रश्नावली बनाउन अभ्यासको अवसरहरू सृजना गर्ने ।<br>• व्यावहारिक अभ्यास कक्षाको नियमितता गर्ने ।<br>• Teacher feedback विद्यार्थीहरू माँझ लिने र त्यसलाई प्रशासनले ग्रहण गर्ने अवस्था सिर्जना गर्ने |
| **विद्यालय व्यवस्थापन प्रक्रियामा बाल सहभागिता** | • १० वर्ष मुनिका बालबालिका लागि व्यवस्थापन प्रक्रिया वा नीति निर्माण प्रक्रियामा उनीहरूको धारणा बुझी त्यस अनुसारको व्यवस्थापन प्रक्रिया अगाडि बढाउने ।<br>• १० वर्ष भन्दा माथि १४ वर्ष सम्मका बालबालिका लागि उनीहरूको क्षमता अनुसार व्यवस्थापन प्रक्रियामा उनीहरूको धारणा र सुझाउ अनुसार प्रतिनिधित्व गराउने<br>• बाल समूहका प्रतिनिधिहरूसँग सल्लाह, सुझाउ र धारणालाई अन्तरक्रिया गरी व्यवस्थापन कार्यमा अगाडि बढाउने<br>• १४ वर्ष पूरा भएका बालबालिकाहरूको लागि समावेशीकरण अनुसार व्यवस्थापन प्रक्रियामा प्रत्यक्ष सहभागी गराउने<br>• बालबालिकाको धारणा अनुसार कक्षा कोठाको व्यवस्थापन गर्न आचार संहिता निर्माण र कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।<br>• बालबालिकाका सरोकारवालासँगको अन्तरक्रिया गराई आएको सुझाउ र रायलाई कार्यान्वयन गराउने गरी व्यवस्थापन प्रक्रिया अगाडि बढाउने<br>• बालबालिकालाई आफू सुरक्षित भएको महसुसको अनुभूति गराउन र उनीहरू अभिभावकसँग राय लिने प्रक्रिया अगाडि बढाउने ।<br>• विशेष गरी खेलमैदान, पुस्तकालय, छात्रावास, विद्यालय वातावरण, कक्षा कोठा अतिरिक्त क्रियाकलापहरूको व्यवस्थापनमा बालबालिकाहरूको स्वतःस्र्फूत सहभागितामा जोड दिने<br>• विशेष गरी खेलमैदान, पुस्ताकालय, छात्रावास, विद्यालय वातावरण, कक्षा कोठा अतिरिक्त क्रियाकलापहरूको व्यवस्थापनमा बालबालिकाहरूको स्वतःस्र्फूत सहभागितामा जोड दिने<br>• विद्यालय व्यवस्थापनमा बालबालिकालाई महत्त्वपूर्ण साझेदारको रूपमा स्वीकार गरी संलग्नता सुनिश्चित गर्ने वातावरण मिलाउने । |

**इ. विद्यालयमा बाल सहभागिता सुनिश्चित गर्न तलका आधारभूत कार्य नीतिहरू अवलम्बन गरिनेछन्**

- बाल सहभागिता सुनिश्चित गर्न विद्यालयका सबै पक्षहरू इमान्दारीपूर्वक प्रतिबद्ध रहनु पर्दछ । सबै शिक्षकहरूले बालबालिकाका लागि हामी मात्र भन्दा पनि हामी बालबालिकासँगै भन्ने भावनाबाट प्रेरित रहनु पर्दछ ;
- बाल सरोकारका विषयहरूको नीति नियम निर्माण, योजना तर्जुमा निर्णय तथा कार्यान्वयन र प्रभाव अध्ययनका सबै पक्षहरूमा विभिन्न उमेर, समूह क्षमता र परिस्थितिका बालबालिकाको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्नताको सुनिश्चितता गर्दै बालबालिकाको विचारको सुनुवाइ गर्ने र त्यसलाई प्राथमिकता दिई निर्णय गर्ने पद्धति अवलम्बन गरिने छ ।
- कार्यक्रमको सञ्चालन तथा मिति, समय, स्थान निर्धारण गर्दा बालबालिकालाई उपयुक्त हुने गरी तयार गरिने छ ;
- बालबालिकाको विचार लिदा वा उनीहरूलाई संलग्न गराउनु पूर्व बालमैत्री वातावरणको सिर्जना गरिने छ । निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने विधि र भाषा बालमैत्री खालको भाषा प्रयोगमा ल्याइने छ ;
- विद्यालयमा बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने नयाँ कर्मचारी/सदस्यको नयाँ नियुक्ति गर्दा बाल सहभागिताको अनुभव भएकालाई प्राथमिकता दिने कुरा विद्यालयमै उल्लेख गर्नुका साथै छनोट भएपछि बाल सहभागितासम्बन्धी नीति र सहजीकरण सीपसम्बन्धी अनिवार्य तालिम अनुशिक्षणको व्यवस्था मिलाइने छ ;
- विद्यालयद्वारा प्रत्यक्ष सेवा प्रदान गरिने तथा विद्यालयमा अध्ययनरत बालबालिकाहरू मध्ये १० वर्ष माथिका सबैलाई विभिन्न स्वावलम्बी समूह/बाल क्लवमा आबद्ध भई अगाडि बढ्ने अवसरको सुनिश्चिता गरिने छ भने १० वर्ष उमेर भन्दा तलका बालबालिकाहरूलाई विभिन्न खेल समूहको रूपमा संलग्न गराइने छ ;
- विद्यालयका बालबालिका रहेको प्रत्येक स्थानमा बालबालिकाका लागि सुरक्षित रहने वातावरणको प्रत्याभूति बाल संरक्षणको प्रबर्धन गर्दै बालबालिकालाई बिना डर र त्रास भावनाको अभिव्यक्ति गर्ने अवसर सुनिश्चितता गरिने छ ;
- विद्यालयमा बाल सरोकारका विषय नीति नियम/योजना तर्जूमा र निर्णय प्रक्रियामा बालबालिकाहरूको सहभागिता अनिवार्य अपरिवर्तनीय र पूर्व शर्तका रूपमा लिई त्यसलाई कार्यान्वयन गरिनेछ ;
- बाल सरोकारका विषयको निर्णय प्रक्रिया सबै बालबालिका तथा उनीहरूका संरक्षण /अभिभावकको लागि समेत पारदर्शी बनाइने छ ;
- बालबालिकाहरूबीच कुनै पनि भेदभाव नगरी समावेशी रूपमा समान अवसरको सिर्जना गरिने छ;

- बालबालिकाको सहभागिता सुनिश्चित गर्न विचारको गोपनियता र सुरक्षा कायम गरिने छ। साथै उनीहरूका गल्तीहरू हतोत्साहित हुने तरिकाले सार्वजनीक गरिदैन ;
- विद्यालयले तयार गरी लागू गरिएका नीति नियमहरू कार्यन्वयन तथा अनुगमन प्रभावकारिता ल्याउन तथा बाल सहभागिता सुनिश्चित गर्न नीति नियमलाई सार्वजनीकरण गरिने छन्।

**बाल सहभागिताका सुनिश्चित गर्ने मुख्य रणनीतिहरू**

- बाल सरोकारका विषयहरूको निर्णय प्रक्रिया र विधिमा सहभागिता गराउने
- नीति नियम तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा संलग्न गराउने
- बालबालिकालाई उनीहरूसँग सरोकार विषयको स्वामित्व सुम्पने
- बालबालिकाहरूलाई सरोकार वालाको मान्यता दिइने छ
- मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुका साथै सधैँ उनीहरूसँग सञ्चालित सेवाहरूको निगरानीकर्ताका रूपमा स्वीकार गर्ने
- औपचारिक संरचनाहरू जस्तै समिति, क्लवहरूको अभ्यासको सुनिश्चिता गराउने
- बालबालिकाको विचारलाई निर्णयक रूपमा मान्नुका साथै भूमिकालाई निर्णयक मान्ने
- पारिवारिक र सामाजिक प्रोत्साहन सुनिश्चितता गर्ने।

**ई. बाल सहभागिता सुनिश्चित गर्न अपनाइने क्षेत्रगत नीतिहरू**

| बाल सहभागिता | **बाल सहभागिता सुनिश्चितताका लागि अपनाउने नीतिहरू** |
|---|---|
| १. **कार्यक्रम विकास** | • संस्थाद्वारा बालबालिका तथा सामाजिक विकाससँग सम्बन्धित कार्यक्रम विकास गर्दा सम्भाव्यता अध्ययन कार्य आवश्यकता पहिचान, समस्या विश्लेषण तथा कार्यक्रम विकास र योजना प्रक्रियामा प्रत्यक्ष रूपमा आवश्यकता अनुसार क्षेत्रीय, जिल्ला तथा स्थानीय तहका बाल स्वावलम्बन समूहका बाल प्रतिनिधिहरू, बालबालिकासँग परामर्श सञ्चालन गर्ने छ।<br>• बालबालिकाले उठाएका सबाल र भोगेका समस्यालाई प्राथमिकता दिई निदानको लागि कार्यक्रम विकास गरिने छ।<br>• बालबालिकाद्वारा प्रस्तुत विचारलाई प्राथमिक दिई कार्यक्रम विकास प्रक्रियामा जोड दिइने छ। परियोजना / कार्यक्रम विकास टिमले संस्थाको बाल सहभागिता प्रबर्द्धन समूह तथा बालबालिकासँग परामर्श सञ्चालन गरिने छ। |

| | |
|---|---|
| २. **योजना निर्माण** | • परियोजना/कार्यक्रम कार्यान्वयन योजना तयार गर्दा बालबालिकासँग औपचारिक/अनौपचारिक रूपमा परामर्श गरी उनीहरूको समयलाई प्राथमिकता दिइने छ ।<br>• संस्थाद्वारा वार्षिक योजना निर्णय गर्नु अगाडि आवश्यकता अनुसार क्षेत्रीय तथा जिल्ला स्तरीय बाल स्वावलम्बन समूहसँग परामर्श गरिने छ।<br>• मासिक तथा साप्ताहिक र दैनिक योजना तयार गर्दा बालबालिकासँग अनौपचारिक रूपमा परामर्श गरी उनीहरूको समयलाई यसको जिम्मेवारी सम्बन्धित कार्यक्रम हेर्ने कर्मचारी/सामाजिक कार्यकर्ताको जिम्मेवारी रहने छ । |
| ३. **कार्यक्रम कार्यान्वयन प्रक्रिया** | • कार्यक्रम कार्यान्वयन प्रक्रियामा बालबालिकालाई मुख्य साझेदारको रूपमा संलग्न गराइने छ ।<br>• प्रत्यक्ष बालबालिका संलग्न हुने कार्यक्रममा प्रत्यक्ष रूपमा बालबालिका भौतिक रूपमा सहभागी हुने छन् भने अन्य आवश्यकता बालबालिकाको भावनात्मक उपस्थितिलाई प्राथमिकता दिइने छ ।<br>• कुनै कार्यक्रम सञ्चालन गर्नु पर्दा बालबालिकाको क्षमता उमेर अनुसार उनीहरूलाई जिम्मेवारी प्रदान गरिने छ । |
| ४. **कार्यक्रम समीक्षा अनुगमन र मूल्याङ्कन** | • आवश्यकता अनुसार भौतिक र मनोवैज्ञानिक उपस्थिति सुनिश्चित गर्ने<br>• कार्यक्रमको प्रभाव अध्ययन गर्दा बालबालिकाको विचारलाई अनुगमन र मूल्याङ्कनको निम्ति मुख्य सूचना मानिने छ ।<br>• संस्थाद्वारा सञ्चालित कार्यक्रमको प्रक्रियामा प्रत्यक्ष सेवा प्राप्त गर्ने बालबालिकासँग परामर्श, छलफल तथा अन्तरक्रिया सञ्चालन गरिने छ। |
| ५. **व्यवस्थापन पक्ष** | • संस्थाद्वारा सञ्चालित कार्यक्रम व्यवस्थापन गर्दा व्यवस्थापन सम्बन्धी निर्णय लिनु पूर्व प्रत्यक्ष सेवा प्राप्त गर्ने बालबालिकाका प्रतिनिधी/समूहसँग परामर्श सञ्चालन गरी बालबालिकाको विचार सङ्कलन गरिने छ ।<br>• बालबालिकाद्वारा स्वतःस्फूत रूपमा सञ्चालन गर्ने कार्यक्रमलाई व्यवस्थापको पूर्व जिम्मेवारी उनीहरूलाई नै दिइने छ ।<br>• समग्र व्यवस्थापन पक्षको सबालमा संस्थाले अर्धवार्षिक बार्षिक रूपमा बाल प्रतिनिधीहरूसँग परामर्श गरी सुझाउ (Feedback) सङ्कलन गरिने छ। |

## २.१२. बाल सहभागिता सुनिश्चित गर्न अपनाइने व्यवहार निर्देशिका

विद्यालयको सम्पर्कमा रहेका बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न निम्न लिखित अनुसार व्यवहार गर्नु पर्दछ ।

अ) बाल सहभागिता प्रबर्द्धन गर्नका लागि ध्यान दिनु पर्ने कुराहरु

१.नम्र, स्पष्ट र मिठो बोली प्रस्तुत गर्ने
२.बालबालिकाको भनाइलाई सम्मान गर्ने (विचारलाई कदर गर्ने)
३.सबैलाई समान एवं सम्मानको व्यवहार प्रस्तुत गर्ने
४.एक अर्काबीच सकारात्मक तुलना गर्ने (नकारात्मक रूपमा तुलना नगर्ने)
५.कुनै पनि नाउँको विभेद नगर्ने (लिङ्ग, वर्ग जात, भाषा अपाङ्ग आदि)
६.खुशी मुद्रामा प्रस्तुत हुने
७. बाल मैत्री शैली उपयोग गर्ने
८.You can do, राम्रो, अझ मिहिनेत गर्ने जस्ता उत्साहितजनक बोलीको प्रयोग गर्ने
९.न्यायपूर्ण आँखाबाट हेर्ने
१०.कसैलाई काखा र कसैलाई पाखा नगर्ने
११.सामान्य पहिरन प्रयोगमा ल्याउने
१२.उदाहरणीय व्यक्तित्व आफू बन्ने
१३.बालबालिकाको पहिचान र अस्तित्वलाई सम्मान गर्ने
१४.सकारात्मक वातावरणको सिर्जना गर्ने
१५.विगतका कमजोरी भनी नरहने/नदोऱ्याउने
१६.सकारात्मक तथा रचनात्मक काममा प्रोत्साहन गर्ने
१७.अफिस/विद्यालय अवधि बाहेकको समयमा पनि असल व्यक्तित्व बन्ने
१८.बाल अधिकारप्रति प्रतिबद्ध भई व्यवहार गर्ने
१९.बालबालिकाको स्वीकृतिमा काम गर्ने
२०.सबैलाई उनीहरुको कुरा राख्न अभिप्रेरित गर्ने
२१.विषयवस्तु आफु स्पष्ट भएर प्रस्तुत हुने ।

**आ) बाल सहभागिता सुनिश्चित गर्न के गर्नु पर्छ ? के गर्नु हुँदैन ?**

| यसो गर्न हुन्छ | यसो गर्नु हुदैन |
|---|---|
| • बालबालिकाहरूको कुरा सुन्नु<br>• बालबालिकाको विचार र भावना बुझ्न<br>• बालबालिकासँग प्रौढको पनि राय सुझाउ उपलब्ध गराउन<br>• बालबालिकाको विचार बालबालिकाको उच्चतम हितमा प्रयोगमा ल्याउन<br>• बालबालिकालाई साध्यको रूपमा लिन अर्थात परियोजना/कार्यक्रम तथा सेवाको अन्तिम लक्ष्य बालबालिका बनाई कार्यक्रम सञ्चालन गर्न<br>• अपाङ्ग र विशेष परिस्थितिका बालबालिकाको सहभागिता सुनिश्चित गर्न सकारात्मक विभेद अपनाउन<br>• बालबालिकालाई एक भन्दा बढी समूहमा आबद्ध भई परिचालित हुन सहयोग गर्नु<br>• बालबालिकाका विचार र भावनालाई सम्मान गर्नु हुन्छ ।<br>• बालबालिकाका परिवार वा अभिभावकलाई समेत चेतनामूलक कार्यक्रममा सहभागी बनाउन | • बालबालिकाको विचारलाई वेवास्ता गर्ने वा कुरा नसुन्ने ।<br>• विचार र भावनाको आधारमा आरोपित गर्ने वा भावना नबुझ्ने ।<br>• राय सुझाउ दिने नाममा आफ्नो विचार थोपर्न<br>• बालबालिकाका विचार र भावनालाई आफ्नो स्वार्थमा प्रयोग गर्न<br>• बालबालिकालाई प्रौढको स्वार्थ पुरा गर्ने साधनको रूपमा प्रयोग गर्न<br>• परियोजना सञ्चालन गर्ने वा अन्य कुनै उद्देश्य पूरा गर्ने गरी बालबालिकालाई संलग्न गर्न वा प्रयोग गर्न<br>• समान उमेर, समूह र क्षमताका बालबालिका बिच कुनै भेदभावको नीति अपनाउनु ।<br>• बालबालिकालाई एक भन्दा बढी समूहमा आवद्ध गराई अस्वस्थ प्रतिस्पर्धा गराउन वा राजनैतिक दल वा अन्य कुनै स्वार्थले समूहमा आबद्ध गर्न ।<br>• बालबालिकाको विचार र भावनालाई अपमान /बेवास्ता गर्न<br>• विशेष गरी सुरक्षित मातृत्वमा अभिभावकको सहभागितालाई बेवास्ता गर्नु हुँदैन । |

## २.१३. बाल सहभागिता सुनिश्चित गर्ने न्यूनतम मापदण्ड पूरा गर्ने नीतिहरू तथा प्रतिबद्धताहरू

| | |
|---|---|
| १. **पारदर्शिता र इमान्दारिता** | • बालबालिकालाई सम्मानपूर्वक आफ्ना भावना र विचारहरू अभिव्यक्त गर्ने अवसर प्रदान गर्ने<br>• कुन विषयमा छलफल गर्ने, निर्णय कसरी गर्ने र कसले निर्णय गर्ने भन्ने सबै प्रक्रिया बालबालिकासँग पूर्व सुनिश्चित गर्ने/प्रष्ट पार्ने ।<br>• बालबालिका र प्रौढको कसको के भूमिका रहन्छ र कसको जिम्मेवारी के हो भन्ने कुरा पहिले नै बाँडफाँड गर्ने ।<br>• बालबालिकासँग कसरी स्पष्ट लक्ष्य तयार गर्ने र त्यसको लागि आवश्यक सबै सूचनाहरू उपलब्ध गराउने ।<br>• उमेर क्षमता अनुसारको बालबालिकाको संलग्नतालाई मान्यता दिने ।<br>• बालबालिकाको विचारलाई प्राथमिकता दिने<br>• संस्था/विद्यालयका कर्मचारी/व्यवस्थापन बालबालिकाको विचारलाई प्राथमिकता दिई निर्णय गर्न र त्यसलाई लागू गर्न उत्तरदायित्व हुने<br>• बालबालिकाको संलग्नता विना भेदभाव प्रजातान्त्रिक विधि अनुसार गराइने छ।<br>• सबै खाले बालबालिकाको समावेशी संलग्नतामा जोड दिने<br>• बाल सहभागितामा निर्णय गरिएका विषयहरूको कार्यान्वयन पक्ष प्रौढहरूद्वारा आफ्नो दायित्वको रूपमा लिइने छ । |
| २. **स्वयसेवी र उपयुक्त खालको सहभागिता** | • बालबालिकाको ज्ञान सीप र क्षमता अनुसार उपयुक्त सबालमा मात्र सहभागी गराइने छ ।<br>• बालबालिकासँगै बसी विषयवस्तु सहभागीहरूको छनोट गर्ने<br>• बालबालिकालाई सहभागी हुन आवश्यक पर्ने पर्याप्त सूचनाहरू प्रदान गर्ने ताकि उनीहरूले आफ्नो संलग्नताको आफै निर्णय गर्न सकुन<br>• बालबालिकाले जुनसुकै बखत पनि सहभागिता जनाउन र सहभागिता फिर्ता लिन पूर्ण स्वतन्त्र रहने छन् ।<br>• बालबालिकाको क्षमता र रूची बेगरका कुनै विषय वा क्षेत्रमा बालबालिकालाई सहभागी हुन बाध्य पारिने छैन ।<br>• बालबालिका आफ्नो सहभागिताको निर्णय गर्न पूर्ण स्वतन्त्र रहने वातावरणको सिर्जना गर्ने । |

| | |
|---|---|
| **३. बालमैत्री क्षमता विकासको वातावरणको सुनिश्चितता** | • बालबालिकाको इच्छा र क्षमता अनुसारको योगदानका कदर गर्ने<br>• बालमैत्री सरल भाषा र शैलीको प्रयोग गर्ने<br>• बालबालिकालाई आफ्नो भावना व्यक्त गर्न र जिम्मेवारी लिन उत्साहित गर्ने र आवश्यक सहयोगको व्यवस्था<br>• बालबालिका संलग्नता र योगदानका प्रशंसा गर्ने<br>• कार्यकर्ताहरूले आफूलाई बालबालिकाको जस्तै अनुभूति गर्ने र व्यवहार गर्ने<br>• बालबालिकाको सँगै बसी सहभागिताको विधि र प्रक्रिया तय गर्ने<br>• बालबालिकाको समान सहभागिता बढाउन पर्याप्त समय र स्रोत व्यवस्था गर्ने<br>• विद्यालयका शिक्षक/कर्मचारीहरूको लागि बालमैत्री व्यवहार सम्बन्धी आवश्यक तालिम तथा शिक्षाको व्यवस्था गर्ने<br>• बसाई सबै खाले बालबालिकाको लागि बालमैत्री बनाउने<br>• बालबालिकाले प्रयोग गरेका शब्दमा भन्दा बढी भाव र मर्ममा जोड दिने। |
| **४. अवसरको समानता** | • सबै वर्ग, उमेर र समूहका बालबालिकाको सहभागितालाई प्राथमिकता दिने<br>• समावेशीकरणलाई मुख्य आधार बनाउने<br>• बालबालिकाहरू बिच कुनै पनि खाले भेदभावको प्रयोग नगर्ने<br>• बालबालिकाहरूलाई बाल समूह भित्रै समावेशी र समान अवसरको सुनिश्चिता गर्ने<br>• कुन बालबालिकाले के गर्न सक्छ र कसले के गर्न सक्दैन् भनेर सीमा निर्धारण नगर्ने प्रत्येक बालबालिकाले शतप्रतिशत योगदान गर्न सक्छन भन्ने तथ्यलाई व्यवहारमा उतार्ने ।<br>• बाल प्रतिनिधि छनोट गर्नु पर्ने भएमा त्यसको निर्णय गर्ने अधिकार बालबालिकालाई नै दिने । |

| | |
|---|---|
| **५. दक्ष र प्रभावकारी कार्यकर्ता** | • सबै शिक्षक/कर्मचारी कार्यकर्ताहरूलाई बालअधिकार, बाल सहभागिता र बालमैत्री सहजीकरण सीप सम्बन्धी तालिम तथा क्षमता विकासको अवसर प्रदान गर्ने<br>• शिक्षक/कर्मचारीहरूलाई पर्याप्त मात्रामा साधन स्रोत उपलब्ध गर ाउनुका साथै प्रभावकारी सुपरीवेक्षणको व्यवस्था मिलाउने ।<br>• प्रत्येक शिक्षक/कर्मचारीको विचार र भावनाको व्यवस्थापन पक्षद्वारा कदर तथा सकारात्मक सोचका साथ ग्रहण र सहयोगको नीति अपनाउने<br>• प्रत्येक कर्मचारी शिक्षक, बाल सहभागिता प्रबर्द्धन सम्बन्धी प्रत्येक र चनात्मक सल्लाहलाई व्यवस्थापन पक्षद्वारा स्वागत गर्ने |
| **६. बालबालिकाको सुरक्षा र संरक्षणको प्रबर्द्धन** | • बाल संरक्षणको सुनिश्चितता सहभागिताको अपरिहार्य र अनिवार्य शर्तको रूपमा व्यवहारमा उतार्ने<br>• बाल संरक्षण नीति तथा परिपाटी विकास गरी सो को बारेमा सबै बालबालिकालाई निश्चित पार्ने<br>• प्रभावकारी सुपरीवेक्षण र अनुगमन व्यवहारमा ल्याउने<br>• बाल संरक्षणको निम्ति स्वयम बालबालिकालाई सशक्तीकरण गर्ने, उनीहरूसँगै बसी नीति बनाउने र व्यवहारमा ल्याउने<br>• गल्ती कमजोरी गरेमा हुने कानुनी तथा नीतिगत जवाफदेहिताबारे सबैलाई समय समयमा सचेत बनाउने । |
| **७. बालबालिकाको परिवार र समुदायसागको सम्बन्ध विस्तार** | • बालबालिकाका सहभागिताबारे जिम्मेवार र समुदायलाई बारम्बार जानकारी गराउने ।<br>• बालबालिकालाई कुनै गोष्ठी वा कार्यक्रममा सहभागी गराउनु पूर्व अभिभावकको अनुमति लिने<br>• बाल सहभागिता सम्बन्धी कार्यमा अभिभावकलाई समेत आवश्यकता अनुसार संलग्न गराउने ।<br>• अभिभावक र समुदायलाई उनीहरूका बालबालिकाको सहभागिता बढाउन उत्साहित गर्न अनुरोध गर्ने ।<br>• बाल सहभागितात्मक कार्यक्रमको अनुगमन र मूल्याङ्कनमा अभिभावक र समुदायलाई समेत संलग्न गराउने । |

| | |
|---|---|
| **८. प्रभावकारी अनुगमन र मूल्याङ्कनको सुनिश्चिता** | • बालबालिकालाई उनीहरूको संलग्नताको प्रत्येक क्षणमा उनीहरूको संलग्नताको महत्त्व र पारेको प्रभावबारे पृष्ठपोषण गराइ रहने । प्रत्येक क्षणमा प्रभावको जानकारी गराउने ।<br>• सबै बालबालिकासँग पृष्ठपोषण लिने<br>• बालमैत्री सहभागितात्मक अनुगमन तरिका अवलम्बन गर्ने ।<br>• प्रत्येक सहभागितात्मक कार्यपछि त्यसमा भएका गल्ती एवं कमजोरी खोजी गर्नु भन्दा त्यस कार्यबाट भविष्यका लागि के सिकाइ भयो भनेर सुधारात्मक पृष्ठपोषण खोजी र कार्यान्वयन गर्ने । |

**अ) बाल सहभागिता सुनिश्चित गर्ने सन्दर्भमा विद्यालयका शिक्षक/कर्मचारी तथा व्यवस्थापन पक्षको आचार संहिताहरू**

**क) शिक्षक/कर्मचारी सदस्यहरूको आचार संहिताहरू**

- बालबालिका र उनीहरूको विचारप्रति सकारात्मक दृष्टिकोण राख्नु पर्दछ ;
- बालबालिकासँग नम्र र बालमैत्री व्यवहार गर्नु पर्छ ;
- बालबालिकालाई सहभागी गराउनु अगाडि सो बारे वा किन त्यो संलग्नता बालबालिकाका लागि महत्त्वपूर्ण छ भन्ने कुरा स्पष्ट रूपमा जानकारी गराउनु पर्दछ र बालबालिकालाई उसको इच्छा विरूद्ध सहभागी गराउनु हुँदैन ;
- बालबालिकालाई आफ्नो विचार अभिव्यक्त गर्न र सम्बन्धित सबालमा बालबालिकाको पक्षबाट योगदान पुऱ्याउन उत्साहित गर्नु पर्दछ, निरुत्साहित गर्न हुँदैन ;
- बालबालिकाको विचार र भावनालाई हतोत्साही गर्ने वा फरक अर्थ लगाउने वा बालबालिकाको विचार आफ्नो स्वार्थमा प्रयोग गर्नु हुँदैन ;
- सहभागिताको नाममा बालबालिकामाथि अनावश्यक बोझ थुपार्नु हुदैन ;
- बालबालिकालाई रात विताउने गरी कुनै काममा सहभागी गराउन लैजानु परेमा परिवारको अनुमति बिना लैजान हुँदैन ;
- बालबालिकालाई नितान्त व्यक्तिगत रूपमा आफ्नो वा विद्यालयको स्वार्थमा प्रयोग गर्नु हुँदैन ;
- बालबालिकाबीच कुनै भेदभाव, तुलना गर्ने वा अन्य कुनै तवरले फरक छुट्टाउनु हुँदैन अर्थात बिना भेदभाव सबै बालबालिकाको सहभागिताको समान अवसर सिर्जना गर्नु पर्दछ । ;
- अपाङ्ग वा विशेष परिस्थितिका बालबालिकाहरूको सहभागिता सुनिश्चित गर्न सकारात्मक विभेदको प्रयोग गर्नु पर्दछ ;

- बालबालिकाको विचार वा स्वयं बालबालिकाको उच्चतम हितमा नभएमा सो बारेमा बालबालिकालाई स्पष्ट हुने अवसर प्रदान गर्नु पर्दछ ;
- बाल सहभागिताको नाममा बालबालिकाको विचार भावनालाई बङ्ग्याउने वा आफ्नो इच्छा अनुसार प्रयोग गर्नु हुँदैन ;
- आफू सदा बालअधिकार प्रबर्द्धन र बाल सहभागिता सुनिश्चितताको पक्षमा उभिनु पर्दछ ।
- बाल सहभागिता सुनिश्चित गर्दा उनीहरूको उमेर र क्षमता अनुसारको विधि र प्रक्रिया शैली चयन गरी व्यवहारमा उतार्नु पर्दछ ;

**ख) बालसहभागिता प्रबर्द्धनमा व्यवस्थापन पक्षको आचार संहिता**

- बालबालिकासँग सरोकार राख्ने विषयहरूको पहिचान गरी अनिवार्य रूपमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न लागि पर्नु पर्दछ ;
- बालबालिकाको सहभागितामा बाधा पार्ने नीति नियम बनाउन वा निर्देशन दिन हुँदैन ;
- बालबालिकाको सरोकारका विषयको निर्णय प्रक्रियामा बालबालिकाको भावनालाई प्राथमिकता दिन प्रतिबद्ध रहनु पर्दछ ।

**ग) बाल सहभागिता प्रबर्द्धनमा अभिभावकको आचार संहिता**

- बालबालिकाको विचार ध्यानपूर्वक सुन्नुपर्दछ ;
- बालबालिकाको विचार र भावनाको कदर गर्नुपर्दछ ;
- बाल सरोकारका प्रत्येक विषयको निर्णय प्रक्रियामा बाल सहभागिता सुनिश्चित गर्नु पर्दछ ;
- बालबालिकालाई भेदभाव गर्ने, भावना व्यक्त गर्न हतोत्साहित गर्ने गर्नु हुँदैन ;
- बालबालिकालाई नकारात्मक प्रभाव पर्ने वा खतरापूर्ण सबालमा संलग्न गराउनु हुँदैन अर्थात् त्यस्ता अवस्थाबाट जो गाउनु पर्दछ ;



*अभिभावक आफ्ना आचार संहितामा छलफल गर्दै*

- बालबालिकाको हेरचाह तथा सर्वाङ्गीण विकासको लागि आवश्यक सहभागिता गर्नु पर्छ ;
- बालबालिकाले राखेका कुराको झर्को नमानी उत्तर दिनुपर्दछ ।

**घ) बाल सहभागिता प्रबर्द्धनमा स्वयं बालबालिकाको आचार संहिता**

- आफूसँग सरोकार राख्ने विषयहरूमा स्वतन्त्रपूर्वक भाग लिई आफ्नो विचार राख्नु पर्दछ । आफ्ना विचार लुकाउनु हुँदैन ;
- आफू जस्तै अन्य बालबालिकाहरूलाई पनि उनीहरूको विचार अभिव्यक्त गर्ने र सहभागी बढाउन उत्साहित गर्नु पर्दछ ;
- साथी साथीहरूबीच आपसमा अस्वस्थ्य प्रतिप्रर्धा र भेदभाव नगरी समान अवसरको अभ्यास गर्नु पर्दछ ;
- आफूभन्दा ठूलोको आदार सम्मान र कुरा/विचार सुन्नु पर्दछ ;
- आफूलाई कमजोर र हिनता सम्झनु हुँदैन ;
- विशेष परिस्थितिका साथीहरुका लागि उनीहरुको सहभागिता सुनिश्चित गर्न विशेष सहयो ग पुऱ्याउनु पर्दछ ।

## २.१४. विद्यालयमा बाल सहभागिता प्रबर्द्धन गर्न गर्नु पर्ने कार्यहरू

- विद्यालयमा शिक्षक, कर्मचारी, सदस्यहरू, व्यवस्थापन पक्ष तथा बालबालिका र अभिभावकको समेत संलग्नतामा सहभागिता नीति र व्यवहार निर्देशिका तयारी ;
- विद्यालयमा बाल सहभागिताका लागि सुनुवाई तथा परामर्श समिति गठन र जिम्मेवारी हस्तान्तरण ;
- संस्था कार्यक्रम तथा सेवा सञ्चालित क्षेत्र विद्यालय भित्र बालबालिकाको समूहहरू बाल समूहका संस्थागत संरचना अनुरूप गठन गराउने ;
- बाल सहभागिताको सुनिश्चित गर्न विद्यालयका सदस्य/कर्मचारी तथा शिक्षकहरूको निम्ति बाल सहजीकरण सीप सम्बन्धी क्षमता विकास तालिम सञ्चालन ;
- विद्यालयमा बाल सहभागिताका क्षेत्र तथा तौर तरिकाहरूको आवश्यकता अनुसार सार्वजनिक तथा परिवार र समुदायको समेत संलग्नता विकास ;
- विद्यालयमा बालबालिकाहरुलाई समूहमा संगठीत भई परिचालित हुने अवसर सिर्जना ;
- बाल सहभागिता सुनिश्चित गर्न स्वयं बालबालिकाको नेतृत्व एवं क्षमता विकासका अवसरहरू सञ्चालन ;
- बाल सहभागिताको नियमित प्रभाव, अनुगमन र मूल्याङ्कन ।

## ३. नीतिको कार्यान्वयन प्रक्रिया

विद्यालयले बाल सहभागिता नीति कार्यान्वयनमा ल्याउन निम्न लिखित प्रक्रिया अपनाउने छ ।

१. नीति नियम र कार्यान्वनयका लागि सामूहिक प्रतिबद्धता

२. संस्थागत संरचना विकास

- बाल सहभागिता प्रबर्द्धन तथा परामर्श समिति गठन ३-५ सदस्यीय, १ जना बाल सहभागिता प्रबर्द्धन अफिसर - १)
- बाल स्वावलम्बन समूह/बाल क्लवहरूको संस्थागत संरचना तयार र कार्यान्वयन

३. शिक्षा तालिम तथा क्षमता विकास

४. बालबालिकाको सशक्तीकरण तथा उपयुक्त वातावरणको सिर्जना

५. अभिभावक तथा समुदायको चेतना, क्षमता र संलग्नताको विकास

६. सूचना र सञ्चार परिपाटी विकास र कार्यान्वयन

**३.१ नीति, नियम र कार्यान्वनयका लागि सामूहिक प्रतिबद्धता**

विद्यालयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न विद्यालयको व्यवस्थापन, शिक्षक तथा कर्मचारीहरू, अभिभावक एवं स्वयं बालबालिकासँग विभिन्न चरणमा छलफल अन्तक्रिया समेत सञ्चालन गरिएको छ । विद्यालयमा बाल सरोकारका विषयहरूको निर्णय, कार्यान्वयन तथा मूल्याङ्कन र प्रभाव अध्ययन प्रक्रियामा बालबालिकाको अर्थपूर्ण र प्रभाव अध्ययन प्रक्रियामा बालबालिका अर्थपूर्ण र नैतिक बाल सहभागिता सुनिश्चित गर्न प्रतिबद्धता व्यक्त गरी यो बाल सहभागिता नीति निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसको व्यावहारिक कार्यान्वयन गर्न सम्बन्धित सबैको उच्च नैतिक दायित्व रहने छ ।

**३.२. संस्थागत संरचना विकास**

बाल सहभागिता सुनिश्चित गर्न विद्यालयमा तपशिल अनुसारको संस्थागत संरचना एवं पदहरूको समेत सिर्जना गरी ५-७ जनाको सुनुवाई तथा परामर्श समिति गठन गरेर बाल सहभागिता सुनिश्चित गरिने छ । २ जना बाल प्रतिनिधिहरूलाई आमन्त्रित सदस्यको रूपमा राखिने छ ।

परामर्श समितिका पदाधिकारी तथा संरचना :

- संयोजक : प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट नीजले तोकेको व्यक्ति
- अभिभावक मध्येबाट - २ जना (एक महिला)
- सदस्य : व्यवस्थापन समिति - १ जना
- सदस्य सचिव/बाल अधिकार अधिकृत- १ जना

अ) बाल सहभागिता सुनिश्चित गर्न सुनुवाई/परामर्श समितिका पदाधिकारीको काम कर्तव्य र अधिकारका क्षेत्रहरू :

- बाल सरोकारका विषयमा सम्बन्धित बालबालिकासँग सुझवुझ सञ्चालन गरी बालबालिकाको विचार लिने ;

- विद्यालयमा बाल सहभागिता नीतिको व्यावहारिक कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्ने ;
- विद्यालयमा भएका बालबालिकाका क्लव/समूहहरूको सहजीकरण समन्वयको आवश्यकता अनुसार सहजीकरणको व्यवस्था मिलाउने ;
- बाल सहभागिता सम्बन्धमा बालबालिका, शिक्षकहरूको निम्ति क्षमता विकासका अवसर हरूको अगुवाई गर्ने र सो का लागि विद्यालयलाई आवश्यक राय परामर्श उपलब्ध गराउने ;

आ) **बाल अधिकार अधिकृतको काम, कर्तव्य र अधिकार**

- बाल आवाज सुनुवाई/परामर्श समितिको सचिवका हैसियतले कार्य गर्ने ;
- बालबालिकाका विचार भावना तथा बाल सहभागिता सुनिश्चिततासँग सम्बन्धित विधि, प्रक्रियाको अद्यावधीकरण गर्ने ;
- समितिको तर्फबाट विद्यालयमा बालबालिकाको राय विचार प्रस्तुती सिफारिस गर्ने

इ) **विद्यालयमा रहेका बालबालिकाको स्वावलम्बी समूह/क्लवहरूको संस्थागत संरचना**

- विद्यालयको सम्पर्कमा रहेका १० देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई विभिन्न स्वावलम्बी समूह/क्लवहरूमा आवद्ध हुने अवसर सिर्जना गर्ने ;
- विद्यालयद्वारा सहजीकरणको व्यवस्था मिलाउने ;
- विद्यालयद्वारा सहयोग गरिएका बालबालिका सबै क्लवहरूको विद्यालय/संस्थागत तहमा महासङ्घ/सञ्जाल निर्माण गर्ने ;
- विद्यालयद्वारा गठन र सहजीकरण गरिएका बाल समूहहरूलाई कम्तिमा २:२:३ बालबालिका दलित तथा जनजाति (कम्तिमा ३०%) बालबालिका र ४०% दलित जनजातिको सहभागिता सुनिश्चित हुने गरी समवेशी सहभागितामा समूह गठन गर्ने ;
- विद्यालयद्वारा गठित समूह सम्बन्धित गा.वि.स. तथा न.पा. मा संस्थागत गर्ने ;
- १० वर्ष उमेर भन्दा तलका बालबालिकाहरूलाई खेल समूह, शिक्षण सिकाइ समूहको सिर्जना गरी समूह अभ्यासमा ल्याउने र उनीहरूको विचार लिन परामर्श प्रक्रियामा जोड दिने ।

| **विद्यालय** |
|---|
| • सम्बन्धित गा.वि.स. तथा जि.वा.क.स. मा सूचीकरण<br>• विद्यालय स्तरीय सञ्जाल<br>• कक्षागत/तहगत बाल समूह कार्यसमिति ७ जना<br>• सक्रिय सदस्यहरू १५-२५ जना<br>• साधारण सदस्य : सवै विद्यार्थीहरु |

### ३.३. तालिम तथा क्षमता विकास

बाल सहभागिता सुनिश्चित गर्न दक्ष सहजीकरणका साथै बालमैत्री व्यवहार सीप र व्यवस्थाहरूमा दक्ष शिक्षक/कर्मचारी तथा सामाजिक कार्यकर्ताको जरूरत पर्दछ तसर्थ विद्यालयका शिक्षक कर्मचारी/सामाजिक कार्यकर्ता र स्वयम बालबालिका एवं अभिभावकका नीति निम्न लिखित विषयमा शिक्षा तालिमको व्यवस्था मिलाइने छ। बाल सहभागिता नीतिको कार्यान्वयन प्रक्रिया अन्तर्गत शिक्षा तालिम तथा क्षमता विकास आवश्यक पर्दछ। यसले सरोकार वालाहरूलाई उद्देश्य प्राप्तिका लागि प्रक्रियागत र निरन्तर क्रियाशील गराउँछ। यसका लागि निम्न लिखित पक्षका लागि तालिम चाहिन्छ :

<u>शिक्षक सहजकर्ता</u> : बाल अधिकार, बाल संरक्षण, अर्थपूर्ण र नैतिक बाल सहभागिता तौरतरिका, बाल समूह समस्या समाधानका ६ पाइला विधि, सहभागितात्मक योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कन प्रक्रिया, समावेशीकरण, शारीरिक दण्डसजाय र यसको प्रभाव सहजीकरण सीप, जीवनोपयोगी सिपमा आधारित शिक्षा जस्तै द्वन्द्व र त्यसको व्यवस्थापन, परामर्श सीप, प्रजातान्त्रिक निर्णय शैली, नेतृत्व विकास सीप

<u>प्रधानाध्यापक</u> : बाल अधिकार, बाल संरक्षण, अर्थपूर्ण र नैतिक बाल सहभागिता तौरतरिका, बाल समूह समस्या समाधानका ६ पाइला विधि, सहभागितात्मक योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कन प्रक्रिया, समावेशीकरण, शारीरिक दण्डसजाय र यसको प्रभाव सहजीकरण सीप, जीवनोपयोगी सीपमा आधारित शिक्षा जस्तै द्वन्द्व र त्यसको व्यवस्थापन, परामर्श सीप, प्रजातान्त्रिक निर्णय शैली, नेतृत्व विकास सीप

<u>अन्य शिक्षक तथा कर्मचारी</u> : शारीरिक दण्डसजाय बिना शिक्षण शैलीका विकल्पहरू, विद्यार्थी केन्द्रित शिक्षण सीप बाल सहभागिताको अर्थ र महत्त्व, बाल सहभागिता नीति

<u>बाल स्वावलम्बन समूह</u> : बालअधिकार, बाल अधिकारका सिद्धान्त, अवधारणा, जेण्डर, बाल सहभागिता, द्वन्द्व व्यवस्थापन बाल सहभागिता नीति, श्रोत व्यवस्थापन, बैठक सञ्चालन, समालोचनात्मक/सिर्जनात्मक सोचाई, समस्या समाधान ६ पाइला विधि, स्वःअनुगमन तौरतरिकाहरू सम्बन्धी तालिम

<u>विद्यालय व्यवस्थापन समूह</u> : बालअधिकार बाल सहभागिता एवं व्यवस्थापन पक्षको भूमिका, बाल सहभागिताका तह र शैलीहरू, सहभागितात्मक नीति निर्माण र योजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

शिक्षक अभिभावक समूह : बाल समूहका गतिविधिको जानकारी बाल अधिकार बाल सहभागिता एवं व्यवस्थापन पक्षको भूमिका, बाल सहभागिताका तह र शैलीहरू, सहभागितात्मक नीति निर्माण र योजना तर्जूमा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

अभिभावक : बालअधिकार, बाल सहभागिता र अभिभावकको भूमिका बाल सहभागिता नीति तथा प्रक्रिया र यसको महत्त्व

**क) बालबालिकाको सशक्तीकरण तथा उपयुक्त वातावरणको सिर्जना**

बाल सहभागिताको सुनिश्चित बालबालिकाको नेतृत्व एवं सशक्तीकरणमा भर पर्ने भएकाले विद्यालयको सम्पर्कमा रहेका सबै उमेर, समूह, क्षमता र परिस्थितिका बालबालिकालाई पर्याप्त प्रोत्साहन, बालमैत्री व्यवहार एवं बालबालिकाका लागि सुरक्षाको प्रत्याभूति गर्ने कुरामा जोड दिइने छ। सानै उमेरदेखि नै बालबालिहरूको स्वत:स्र्फूत संलग्नताको अभ्यासमा जोड दिई उनीहरूलाई पर्याप्त सशक्तीकरणको निम्ति अधिकार र कर्तव्यलाई सँगसँगै अगाडि बढाइने छ। बालबालिकालाई आफ्ना सबालहरू र कर्तव्यको आफै पहिचान गर्न सशक्तीकरण गरिने छ। उनीहरूलाई न्यूनतम सामाजिक तथा भौतिक सीपहरू समेत सिक्न उत्साहित गरिने छ। त्यस्तै गरी बालबालिकाको क्षमता पहिचान गरी जिम्मेवारी हस्तान्तरण गर्दै गइने छ।



**ख) अभिभावक तथा समुदायको चेतना र संलग्नताको विकास**

बालबालिकाको सहभागिता सुनिश्चित गर्न त्यसलाई घर परिवार र समुदायबाटै थालनी गर्नु पर्छ। बालबालिकालाई कतै संलग्न गराउनु पूर्व अभिभावकलाई जानकारी गराउनु पर्छ। बाल गतिविधिहरूमा समुदायको समेत सहयोग र संलग्नता बढाउदै लगिने छ। यसका लागि समय समयमा अभिभावक र समुदायसँग विद्यालय व्यवस्थापनद्वारा नियमित शिक्षा, तालिम तथा छलफल अन्तरक्रियाका अवसरहरू सञ्चालन गर्नुपर्छ।

- अभिभावकहरूलाई बाल संरक्षण र सहभागितासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन
- अभिभावकहरूको संलग्नतामा बालबालिकाको सकारात्मक, नकारात्मक सम्पूर्ण कुराहरूको बारेमा बताइ दिने ;

- सकारात्मक कुराको प्रशंसा गर्ने नकारात्मक कुरामा सुधार तथा सचेत गराउनका लागि सूचना प्रदान गरि दिने ;
- बाल संरक्षण र सहभागिता नीति निर्माण प्रक्रियामा अभिभावक तथा समुदायलाई संलग्न गराउने
- बाल संरक्षण र सहभागिता नीतिबारे सम्पूर्ण अभिभावक र समुदायलाई सूचना गर्ने ;
- समुदाय र घरमा बालमैत्री वातावरण सिर्जना गर्नका लागि अभिभावकहरूलाई जनचेतना जगाउने
- कुनै पनि बालबालिकालाई कार्यक्रममा संलग्न गराउँदा अभिभावकको मन्जुरी लिने ;
- अभिभावकहरूको एक बालअधिकार प्रबर्द्धन/परामर्श समिति गठन तथा परिचालन ;
- सरोकार निकायहरूबीच सहयोग आदान-प्रदान, सहकार्य र नेटवर्किङ्ग गर्ने ;
- समय-समयमा बैठक र छलफलको आयोजना गर्ने ;
- विद्यालयमा बाल सरोकारका विषयको योजना तर्जुमा र निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता अनिवार्य अपरिवर्तनीय र पूर्व शर्तको रूपमा लिई त्यसको कार्यान्वयन गर्ने ।

## ३.४. बाल सहभागिता नीति अनुगमन र मूल्याङ्कन

विद्यालयमा बाल सहभागिता मूल्याङ्कन गर्न तलका प्रक्रियाहरू अपनाइने छ ।

- विद्यालयमा बाल सहभागिता सुनुवाई तथा परामर्श समिति गठन र सञ्चालन (३-५ सदस्यीय), बाल सहभागिता प्रबर्द्धन अफिसर १ तहगत सहजकर्ता २-४ जना कम्तीमा १ जना महिला) ;
- बाल सहभागिता नीति प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्ने ;
- विद्यालय शिक्षक कर्मचारी बालबालिका, अभिभावकहरूको क्षमता विकासको अवसर सुनिश्चित गर्न अगुवाई गर्ने ;
- बाल सहभागिताको अवस्था नियमित अनुगमन गरी नीतिगत निर्णयका लागि संस्था विद्यालयलाई सिफारिस गर्ने ;
- बालबालिकासँग परामर्श सञ्चालन गर्नु पर्ने भएमा परामर्श सञ्चालन गरी बालबालिकाको विचार बालबालिकाको तर्फबाट लिने ;
- विद्यालयमा बाल स्वावलम्बन समूह/क्लवहरूको सहजीकरणको व्यवस्था मिलाउने विद्यालय र बाल क्लवले आवश्यकता अनुसार पुलको कार्य गर्ने ।

**बाल अधिकार अधिकृतले**

सूचनाहरूको अद्यावधीकरण गर्ने, समितिको सचिवको हैसियतले कार्य गर्ने ।

**अ) बाल सहभागिता नीतिको प्रभावकारिता मूल्याङ्कन विधि प्रक्रिया**

बाल सहभागिताको प्रभावकारिता त्यसको अनुगमन र मूल्याङ्कनबाट मात्र थाहा हुन्छ। अत बाल सहभागिता सुनिश्चित भयो ? भएन ? बालबालिकाको सहभागिता सुनिश्चित गर्ने विद्यालयले तयार गरेका नीति र परिपाटीहरूले काम गरे वा गरेनन् ? बाल सहभागिता अर्थपूर्ण र नैतिक मूल्यमा आधारित रह्यो वा रहने भन्ने स्पष्ट हुन त्यसको अनुगमन र  मूल्याङ्कन प्रक्रियामा समेत प्रत्यक्ष रूपमा बालबालिकालाई संलग्नता गरिने छ। विद्यालयमा बाल सहभागिताको अनुगमन र मूल्याङ्कन गर्न तलका विधि/प्रक्रिया व्यवहारमा ल्याइने छ।

**क) बाल सहभागिताको तह/स्तर** (Degree) **मापन विधि**

बाल सहभागिताको अनुगमन/मूल्याङ्कन गर्दा यो कुन क्षेत्रहरूमा कुन तहको (Degree) सहभागिताकाको सहभागिता भएको छ त्यो केलाउनु पर्दछ। यसका लागि निम्न लिखित स्तर मापन फाराम प्रयोगमा ल्याइने छ ;

बालबालिकाको सहभागिताको तहको आधारमा बाल संरक्षण अनुगमन तथा मूल्याङ्कन फाराम (बालबालिकाको लागि)

| डिग्री | स्थिति विश्लेषण र नीति निर्माण | कार्यक्रम विकास | कार्यक्रम कार्यान्वयन | अनुगमन मूल्याङ्कन |
|---|---|---|---|---|
| स्वतःस्फूर्तता र व्यवस्थित | | | | |
| सहभागितात्मक | | | | |
| परामर्श गरिएको | | | | |

**ख) बाल सहभागिताको गुणस्तर (Quality) मापन विधि**

बाल सहभागिता कुन तहमा सुनिश्चित भएको छ  यसको प्रक्रिया के छ ? अर्थात बाल सहभागिताको गुणस्तर के छ ? भन्ने मूल्याङ्कन गरिने छ। यसका लागि तलको फारम प्रयोगमा ल्याउने छ।

अ) बाल सहभागिताको गुणस्तरको अनुगमन मूल्याङ्कन फाराम : (बालबालिका र कार्यकर्ता दुवैले भने)

| **सूचकहरू/गुणहरू** | **कमजोर** | **ठिक ठिकैको** | **राम्रो** | **अति राम्रो** |
|---|---|---|---|---|
| प्रक्रियामा पारदर्शिता र इमान्दारिता | | | | |
| कार्यकर्ताको सहभागिता सम्बन्धी बुझाइ | | | | |
| बालबालिकासँग संस्थाको पहुँच | | | | |
| अवसरको समानता | | | | |

**आ) बाल सहभागिताको प्रभाव (Impact) अध्ययन/मूल्याङ्कन विधि :**

- बाल सहभागिताको सबालमा परिवार, स्वयम् बालबालिका र समुदायमा के प्रभाव पार्‍यो त्यसको आधारमा बाल सहभागिताको प्रभाव मूल्याङ्कन गरिने छ । यसका लागि तलको
- फाराम नमूना प्रयोगमा ल्याइने छ ।

क) बाल सहभागिताको प्रभाव मूल्याङ्कन (**Impact Evaluation**) फाराम : (बालबालिकाको लागि)

| प्रभाव क्षेत्र पक्ष | प्रभाव सूचक | केही प्रभाव छैन | सीमित प्रभाव | असल प्रभाव |
|---|---|---|---|---|
| बालबालिकामा | आत्म बल बढेको | | | |
| | चेतना विकास | | | |
| | ज्ञान सीप वृद्धि | | | |
| परिवार | | | | |
| समुदाय | | | | |
| विद्यालय | | | | |
| संस्था | | | | |

**ख) बाल सहभागिता नीति मूल्याङ्कनका लागि (Check list) प्रयोग**

- यसका अतिरिक्त बाल सहभागिता अनुगमन गर्न तलको व्यवहार चेक लिष्ट समेत प्रयोगमा ल्याई प्रत्येक वर्ष एक पटक विद्यालयको बाल सहभागित नीतिको मूल्याङ्कन र समीक्षा गरिने छ।

## गुणस्तरीय सहभागिताका लागि चेक लिष्ट

| वास्तविक सहभागिता के हो ? | वास्तविक सहभागिता के होइन ? |
|---|---|
| • के यो सहभागिता ऐच्छिक रूपमा भएको हो ? वास्तविक सहभागिता हुनका लागि बालबालिका आफैले सहभागी हुन चाहेको हुनु पर्दछ ।<br>• के यो समतामूलक छ ? वास्तविक सहभागिता समावेशी खालको हुन्छ । यसमा बालबालिकाहरू बिच लिङ्ग, क्षेत्र, वर्ग तह र सामाजिक स्तर एवं शारीरिक आवश्यक कुनै पनि रूपमा विभेद गरिएको हुँदैन ।<br>• के यसको केही मान्यता छ वास्तविक सहभागीमा प्रत्येक सहभागीहरूको विचार को सुनुवाइ र प्रौढ सरहको बालबालिकाको विचारलाई पनि प्राथमिकताका साथ मान्यता प्रदान गरिन्छ ।<br>• के यो सम्मानजनक हुन्छ ? वास्तविक सहभागिता भन्नाले एक आपसबीच सम्मान जनक र सावधानी पूर्वक सम्बोधन गरिएको हुन्छ । यसमा कुन पनि फुट र गुटवन्दीको गुन्जायस रहँदैन ।<br>• यसको के अर्थ छ ? वास्तविक सहभागितामा बालबालिकाले जुन अभ्यास गर्दछन् त्यसको ठोस अर्थ राख्नु पर्दछ ।<br>• के बालबालिकाले राम्ररी बुझ्ने भाषाको प्रयोग गरिएको छ ? वास्तविक सहभागितामा बालबालिकाहरूले त्यहाँ प्रयोग गरिएको भाषामा आफूलाई प्रतिस्प्रधी र सहज महसुस गर्ने हुनु पर्दछ । | • बालबालिकाको इच्छा विरूद्ध प्रौढहरूद्वारा बलजफत समूह समितिहरूमा आवद्ध गराउनु<br>• कुनै क्रियाकलापमा धनी र शहरी क्षेत्रका बालबालिका मात्र सहभागी गराउनु या बैठकमा जान्नेलाई मात्र बोल्ने मौका दिनु सहभागी गराउनु<br>• बालबालिकाको उपस्थिति मात्र रहने, उनीहरूलाई सहभागी हुने ज्यादै कम मौका हुनु वा उनीहरू बोल्न कुरा राम्ररी नसुन्नु या उनीहरूको विचारको गठनमात्र गर्ने तर मान्यता नदिने ।<br>• बैठकमा अध्यक्षले बालबालिकाको विचार को बेवास्ता गर्नु वा उनीहरूको विचार भन्दा पनि के भनि दिनु पर्ने हो त्यही भन्न लगाउने ।<br>• यदि बालबालिकाहरूलाई सामान्य तवरले केही गर्नभन्दा उनीहरूलाई त्यो किन गर्ने भन्ने कुरामा स्पष्ट नहुनुको साथै उनीहरूले नबुझेका हुन सक्छन् । यसरी नबुझी गरेका कामले कुनै अर्थ राख्दैन ।<br>• बालबालिकाले चासो नराख्ने कुरामा सहभागी गराउनु या उनीहरूले समय बरवाद भएको महसुस गर्ने खालको विषयमा सहभागी गराइनु ।<br>• बालबालिकाहरूलाई योगदान गर्न भनिनु र उनीहरूको योगदानले सोचाइ र परिवर्तनमा कुनै फरक नल्याउनु फरक |

| | |
|---|---|
| • के नियमहरू सबैका लागि निस्पक्ष छन् ? वास्तविक सहभागितामा नियम बनाउने देखि पालना गर्ने बेला सम्म बालबालिका सबैले समय र सहज रूपमा सहभागी हुन सक्दछन् ।<br>• के बाल सहभागीहरूलाई पहिले नै खवर गरिएका छन् र उनीहरू सहभागिताका लागि तयार छन् ? वास्तविक सहभागितामा बालबालिकाहरूलाई सहभागी हुनका निम्ति पर्याप्त समय र तयारी भएको हुनु पर्दछ ।<br>• के अनुमति प्रदान गरिएका / गर्न लायक भूमिकाहरू निस्पक्ष छन् ? (के सबैको भूमिका निस्पक्ष छ ?) वास्तविक सहभागितामा सबैले निभाउनु पर्ने भूमिका क्षमता अनुसार निश्पक्ष हुन्छन् ।<br>• सहभागिताको तह के छ ? वास्तविक सहभागितामा बालबालिकाहरूलाई निर्णय लिन तथा विचार राख्न उनीहरूको पूर्ण क्षमतासम्म पुग्न दिइन्छ ।<br>• के यो इमान्दारितापूर्ण छ ? वास्तविक सहभागिताले यसको अपव्याख्या हुन दिँदैन र सहभातिाको उद्देश्य र तरिकामा मौलिकताको आदर गर्दछ ।<br>• के यो सुरक्षित छ ? के बालबालिका शुरक्षित छन् ? वास्तविक सहभागिताले प्रत्येक चरणमा सुरक्षाको ग्यारेन्टी गरेको इच्छाबाट सहभागी नहुँदा<br>• त्यसपछि के हुन्छ ? वास्तविक सहभागिता सहभागिताको उपलब्धी भविष्यमा कसरी अगाडि बढाइन्छ र यो अरू प्रक्रियामा कसरी जोडिन्छ भन्ने बारेमा स्पष्ट र पारदर्शी हुन्छ । यसको लक्ष्य सधैं सहभागितालाई संस्थागत गर्नु रहन्छ । | • प्रौढ कुर्चीमा बस्ने र बालबालिकालाई भुइँमा राख्नु प्रौढ छायामा बस्ने र बालबालिका चर्को घाममा राख्ने<br>• ग्रामिण जिल्लामा अंग्रेजी भाषामा छलफल चलाउनु वा औपचारिक ठूला ठूला शब्द शब्दको प्रयोग गरिनु ।<br>• आफूलाई मन नपरेको कुरा बालबालिकाले बोलेमा प्रौढद्वारा बालबालिका बोल्दाबोल्दै बीचमै काटी दिने वा बोल्न हस्तक्षेप गरिदिने<br>• प्रौढलाई अनुभव र पर्याप्त समय भए पनि बालबालिकालाई पर्याप्त तयारी र समय विना तानेर तत्कालै वा सहभागी गराउनु ।<br>• प्रौढले बालबालिकालाई प्रश्न सोध्ने र उत्तर दिने वा साइकल मिलाउने, चिया बाँड्ने जस्ता भूमिकाको जिम्मे वारी दिइनु, क्षमता अनुसारको उपयुक्त भूमिका र जिम्मेवारी नदिइनु ।<br>• विधि र विषयमा बालबालिका एक तहमा सक्षम रहँदा रहदै अर्को तहमा सहभागिता गराउनु वा बालबालिका निर्णय लिन सक्षम र जिम्मेवार रहेका मात्र युवाहरूसँग सुझबुझ गरिनु ।<br>• बालबालिकासँग समय नवो लिनु वा उनीहरूलाई समयभन्दा टाढा अँध्यारोमा राखिनु<br>• सम्भव भए सम्म गोपनियता कायम नगरिनु जस्तै : कुनै बालबालिकाले सत्य बोल्दा सजाँय पाउनु<br>• सहभागीहरू कुनै महत्त्वपूर्ण कुरामा सहभागी भए तर त्यसपछि के हुन्छ वा उनीहरूको संलग्नतामा के गरिन्छ भन्ने बारेमा स्पष्ट नहुनु । |

बाल सहभागिताको प्रबर्द्धन गर्न संस्था तथा विद्यालयद्वारा प्रयोगमा ल्याएका शैली परामर्श, सहभागितात्मक र स्वतःस्फूर्तता भए वा नभएको अर्थात यी तीन, शैलीहरू न्यून तहमा छन् भन्ने तलको फरक फरक झण्डाको प्रयोग गरेर पनि बालबालिकाको संलग्नता बाल सहभागिताको प्रभाव मूल्याङ्कन गर्ने :

**ग) बाल सहभागिता अनुगमनको झण्डा प्रस्तुति विधि (बालबालिकाद्वारा गर्ने)**

| **क्षेत्र/तह** | **नभएको** | **थालनी भएको** | **असल अभ्यास भएको** |
|---|---|---|---|
| • परामर्श गरिएको (Consultation) | रातो झण्डा ⚐ | | |
| • सहकार्य गरिएको (Participation) | | पहेँलो झण्डा ⚐ | |
| • स्वत स्र्फूत भएको (Self initiative ) | | | हरियो झण्डा ⚐ |

# ४. अनुसूचीहरू

*अनुसूची १*

**बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ मा भएका मुख्य प्रावधानहरू**

**धारा - १**

बालकको परिभाषा

कानूनद्वारा वयस्कताको उमेरको अन्यथा व्यवस्था गरेकोमा बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानिएको छ ।

**धारा- २**

भेदभाव गर्न नहुने

बिना अपवाद सम्पूर्ण अधिकारहरू सम्पूर्ण बालबालिकालाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनीहरूलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनु पर्ने राज्यको कर्तव्य हुनेछ ।

**धारा - ३**

बालबालिकाको उच्चतम हित

बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूका उच्चतम हितलाई मध्यनजर राख्नेछन् ।

बाबुआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाको हितमा काम गरेनन् भने राज्यले त्यस्ता बालबालिकालाई पर्याप्त स्याहार संभारको व्यवस्था गर्न पर्नेछ ।

**धारा -४**

अधिकारहरूको कार्यान्वयन

यस महासन्धिमा उल्लेखित अधिकारहरूलाई वास्तविकतामा उतार्नु राज्यको दायित्व हुने छ ।

**धारा - ५**

बाबुआमाको मार्गदर्शन र बालबालिकाको उदयोन्मुख क्षमता सम्बन्धमा

बालबालिकाको उदयोन्मुख क्षमताहरूसँग मेल खाने किसिमसँग मार्गदर्शन प्रदान गर्ने बाबुआमा र ठूला परिवारको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व

**धारा - ६**

दीर्घ जीवन र विकास

बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाको दीर्घ जीवन र विकासप्रति राज्यको दायित्व

**धारा - ७**

नाम र राष्ट्रियता

जन्मदेखि नाम राख्न पाउने र राष्ट्रियता पाउने अधिकार बालबालिकाको अधिकार ।

**धारा - ८**

परिचयको संरक्षण

बालबालिकाको परिचयका आधारभूत कुराहरू (नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध) को संरक्षण गर्ने र आवश्कताअनुसार पुनः स्थापना गर्ने राज्यको दायित्व

**धारा-९**

बाबु आमाबाट बिछोड

बालबालिकाको सर्वोतम हितहरू विपरीत हुने अवस्थामा बाहेक आफ्नो बाबुआमासँग बसोबास गर्ने अधिकार । आमा वा बाबु वा दुवैबाट छुट्टिएमा सर्म्पक राख्न पाउने अधिकार । राज्यको काम कारवाहीबाट बाबु आमाबाट अलग हुन गएमा राज्यले गर्नु पर्ने कर्तव्य ।

**धारा - १०**

पारिवारिक पुनर्मिलन

पारिपारिक पुनर्मिलन हुन वा बाबु आमा र बालबालिकाको नाता कायम राख्नको निम्ति बालबालिकाले र निजको बाबु आमा कुनैले पनि मुलुक छाडी र आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार ।

**धारा - ११**

अवैध स्थानान्तरण र नफर्काउनु

बाबुआमा वा अन्य तेस्रो पक्षले गरेको बालबालिकाहरूको अपहरण वा विदेशमा रोक्ने काम निवारण गर्ने र ती समस्याहरूको समाधान गर्ने राज्यको दायित्व ।

**धारा - १२**

बालबालिकाको विचार

बालबालिकालाई असर पार्ने कुनै पनि कुरा वा कार्य विधि सम्बन्धमा आफ्नो विचार प्रकट गर्न पाउने र त्यस विचारको उचित मान्यता पाउनु पर्ने अधिकार

**धारा- १३**

अभिव्यक्तिको स्वतन्त्रता

अर्काको अधिकार हनन् नहुने गरी जानकारी प्राप्त गर्ने वा दिने र आफ्नो विचार व्यक्त गर्ने बालबालिकाको अधिकार ।

**धारा - १४**

विचार, विवेक र धर्मको स्वतन्त्रता

जुन बाबु आमाको उचित निर्देशन र राष्ट्रिय कानूनको अधिनमा रही बालबालिकाको विचार, विवेक र धर्म सम्बन्धी स्वतन्त्रताको अधिकार

**धारा - १५**

नीजिपनाको संरक्षण

निजीपना, परिवार, घर र पत्राचारमाथिको हस्तक्षेपबाट र गाली बेइज्जतीबाट सुरक्षित हुने अधिकार

**धारा - १७**

उचित जानकारीको प्राप्ति

बालबालिकाहरूलाई नैतिक विकास र ज्ञान तथा मानिसहरू बीचको समझदारी अनुकुलको र बालबालिकाको पृष्ठभूमिप्रतिको आदर दर्शाउने खालका जानकारीहरू बालबालिकासम्म पुऱ्याउनु पर्ने प्रचार माध्यमको भूमिका राज्यले यस्तो कार्यलाई प्रोत्साहित गर्नुपर्ने र बालबालिकाहरूलाई हानीप्रद सामग्रीबाट जोगाउनु पर्ने ।

**धारा - १८**

बाबु आमाको दायित्वहरू

आफ्ना बालबालिकाको लालनपालनको लागि बाबुआमा दुवैको संयुक्त प्राथमिक दायित्व छ भन्ने सिद्धान्त र यस कार्यमा राज्यले उनीहरूलाई सहयोग गर्नु पर्ने ।

**धारा - १९**

दुर्व्यवहार र उपेक्षाबाट संरक्षण

बाबु आमा वा बालबालिकाको स्याहारको निम्ति उत्तरदायी व्यक्तिहरूद्वारा हुने सबै प्रकारका दुव्यवहारबाट जोगाउने तथा यस सम्बन्धमा निवारक र उपचारका उपायहरू अपनाउने राज्यको दायित्व हुने ।

**धारा - २०**

परिवार विहिन बालबालिकाको संरक्षण

पारिवारिक वातावरणबाट वञ्चित बालबालिकालाई विशेष संरक्षण प्रदान गर्ने र उसको सांस्कृतिक पृष्ठभूमिलाई मध्यनजर राख्दै उपयुक्त वैकल्पिक पारिवारिक स्याहार अर्थात् संस्थागत स्याहार सेवाको व्यवस्था मिलाउनु पर्ने राज्यको दायित्व

**धारा – २१**

दत्तक लिने प्रक्रिया

दत्तक लिने प्रक्रियालाई मान्यता वा अनुमति दिने प्रचलन भएको देशमा दत्तक रूपमा दिइएका बालबालिकाको सम्बन्धमा आवश्यक सबै बचाउ राखिएको र सक्षम अधिकारीहरूले मात्र स्वीकृति दिन पाउने गरी बालबालिकाको हितलाई ध्यानमा राखेर मात्र दिने व्यवस्था ।

**धारा – २२**

शरणार्थी बालबालिका

शरणार्थी बालबालिका वा शरणार्थी हुन खोजिरहेका बालबालिकालाई विशेष संरक्षण दिनुपर्ने त्यसको संरक्षण र सहायता दिने संस्थाहरूलाई सहयोग गर्नु पर्ने राज्यहरूको दायित्व ।

**धारा – २३**

अपाङ्ग बालबालिकाहरू

समाजमा जतिसक्दो बढी स्वावलम्बन पाउने र पूर्ण र सक्रिय जीवन यापन गर्न योग्य बनाउने उद्देश्यले विशेष स्याहार, शिक्षा र प्रशिक्षण पाउने अपाङ्ग बाल बालिकाहरूको अधिकार ।

**धारा – २४**

स्वास्थ्य र स्वास्थ्य सेवाहरू

प्राथमिक र निवारक स्वास्थ्य स्याहार, जन स्वास्थ्य शिक्षा र न्यून बाल मृत्युदरलाई विशेष जोड दिँदै सम्भव भए सम्मको उच्चतम् स्तरको स्वास्थ्य सम्बन्धी अधिकार र स्वास्थ्य र औषधिपचार सम्बन्धी सेवा प्राप्त गर्ने अधिकार । हानिकारक परम्परागत शैलीहरूलाई उन्मूलन गर्ने दिशामा काम गर्ने राज्यको दायित्व यस बाल अधिकारलाई निश्चित पार्न अन्तराष्ट्रिय सहयोगमा जोड दिइने ।

**धारा –२५**

पालन स्थानको आवधिक समीक्षा

स्याहार, संरक्षण तथा उपचारको लागि राज्यको तर्फबाट राखिएका बालबालिकालाई त्यस्ता स्थानमा भएको बन्दोवस्त बारे नियमित तवरले मूल्याङ्कन हुनु पर्ने सम्बन्धी अधिकार ।

**धारा - २६**

सामाजिक सुरक्षा

बालबालिकालाई सामाजिक सुरक्षा सम्बन्धी सुविधा पाउने अधिकार ।

**धारा - २७**

जीवनस्तर

पर्याप्त जीवनस्तरको माध्यमबाट लाभान्वित हुने बालबालिकाको अधिकार । यसलाई पूरा गर्ने बाबुआमाहरूको प्राथमिक दायित्व र आवश्यक भएमा माना चामलको अमूल उपरद्वारा समेत यस्तो दायित्व पूरा गर्न सकिने नसकिने भनी निरूपण गर्ने र पूरा गर्ने समेत राज्यको कर्तव्य ।

**धारा - २८**

शिक्षा

शिक्षा प्राप्त गर्ने बालबालिकाहरूको अधिकार र कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउन राज्यको दायित्व । विद्यालयमा अनुशासन कायम राख्दा बालबालिकाको मानवीय मर्यादा प्रतिविम्बित हुनुपर्ने । यस अधिकारलाई सुनिश्चित गराउन अन्तराष्ट्रिय सहयोगमा जोड दिइने ।

**धारा - २९**

शिक्षाको उद्देश्य

शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनु पर्ने र वयस्कको रूपमा सक्रिय जीवन बिताउन बालबालिकालाई तयार गर्ने तर्फ मौलिक मानव अधिकार प्रति आदर जगाउने र बालबालिकामा आफ्नो र अरूको सांस्कृतिक र राष्ट्रिय मूल्यहरूप्रति आदरको भावनाको सम्बर्द्धन गर्ने तर्फ लक्षित हुनुपर्ने

**धारा - ३०**

अल्पसङ्ख्यक वा आदिबासी जनताको बालबालिकाहरू

अल्पसङ्ख्यक समुदाय र आदिवासी जनताको बालबालिकाहरूको आफ्नो संस्कृति मान्न पाउने र आफ्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार

**धारा - ३१**

फुर्सद आराम र सांस्कृतिक क्रियाकलापहरू

आराम गर्ने, खेल्ने तथा सांस्कृतिक र कलात्मक गतिविधिहरूमा भाग लिने बालबालिकाको अधिकार

**धारा – ३२**

**बाल मजदुर**

**स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्न तथा रोजगारीको लागि न्यूनतम उमेरको हद तोक्ने र रोजगारीका शर्तहरू लागू गराउने राज्यको दायित्व**

**धारा – ३३**

लागु पदार्थको दुरुपयोग

लागु पदार्थ र मनोसंदीपक पदार्थको प्रयोगबाट संरक्षण पाउने र यसको उत्पादन एवं वितरणमा सम्लग्न गराउने कामबाट जोगिने बालबालिकाको अधिकार ।

**धारा – ३४**

यौन शोषण

वेश्यावृत्ति वा अश्लील चित्रणमा सम्लग्नता लगायतको यौन शोषण र दुर्व्यवहारबाट संरक्षण पाउने बालबालिकाको अधिकार

**धारा – ३५**

बेचविखन, सौदाबाजी र अपहरण

बालबालिकाको बेचविखन, सौदावाजी र अपहरणलाई रोकथाम गर्न हरेक प्रयास गर्नु राज्यको दायित्व ।

**धारा – ३६**

अन्य किसिमका शोषण

धारा ३२, ३३, ३४ र ३५ मा समाविष्ट नभएका अन्य सबै प्रकारका शोषणहरूबाट सुरक्षित हुने बालबालिकाको अधिकार

**धारा – ३७**

यातना र स्वतन्त्रताको अपहरण

यातना, क्रुर व्यवहार वा सजाय, मृत्युदण्ड, आजीवन कारावास र गैरकानूनी गिरफ्तारी अथवा स्वतन्त्रताको अपहरणमा प्रतिबन्ध । उपयुक्त व्यवहारको सिद्धान्तहरू, वयस्क बन्दीहरूबाट अलग राखिनु पर्ने परिवारसँगको सम्पर्क र कानूनी तथा अन्य सहयोगको प्राप्ति ।

**धारा – ३९**

पुनर्स्थापन सम्बन्धी स्याहार

सशस्त्र सङ्घर्ष, यातना, हेला, दुर्व्यवहार र शोषणका शिकार बनेका बालबालिकालाई आफ्नो पुर्नलाभ र सामाजिक पुनर्स्थापनाका लागि उपयुक्त उपचार दिलाउने राज्यको दायित्व

**धारा – ४०**

बालबालिका सम्बन्धी न्याय प्रसाशन

आरोपित वा अपराधी मानिएका बालबालिकाहरूका सम्बन्धमा मानव अधिकारको आदर विशेषतः निजहरूको प्रतिरक्षाको तयारी र प्रस्तुती लगायतका कानुनी कार्यवाहीका सम्पूर्ण पक्षहरूबाट फाइदा लिन पाउने अधिकार । उचित र सम्भव भएसम्म न्यायिक कारवाही र संस्थागत प्रतिस्थापन सकभर हुन नदिनु राज्यको दायित्व ।

**धारा – ४१**

विद्यमान मापदण्डको आदर

यदि राष्ट्रिय कानून वा अन्य व्यावहारिक अन्तराष्ट्रिय लिखतका प्रावधानहरू महासन्धिमा व्यवस्थित गरिएका भन्दा झन उच्च स्तरका छन् भने ती उच्च स्तरलाई नै व्यवहारमा लागू गरिने ।

*अनुसूची २*

## बाल सहभागिता नीति निर्माण तालिम कार्यतालिका

चिल्ड्रेन-नेपाल

बालबालिकाद्वारा समावेशी र सुरक्षित वातावरण सिर्जना कार्यक्रम

बाल सहभागिता सम्बन्धी नीति तर्जुमा निर्देशिका तयारी कार्यशाला

(पौष २-४, २०६६)

**लक्ष्य :**

साझेदार विद्यालय तथा संस्थाहरूलाई बाल संरक्षण र बाल सहभागिता सम्बन्धी नीति तर्जुमाका लागि स्पष्ट निर्देशिका तयारीका साथै दक्ष सहजकर्ता समूह तयार गर्ने ।

**उद्देश्य :**

- सहभागीहरूलाई बाल संरक्षण र सहभागिता सम्बन्धी आपसी कार्य अनुभव आदान-प्रदानको अवसर सिर्जनाका साथै आफ्नो विद्यालयमा बाल संरक्षण र सहभागिता सम्बन्धी नीति तर्जुमा प्रक्रिया तथा कानुनी व्यवस्थामा परिचित हुने अवसर सिर्जना गर्ने ।
- सहभागीहरूलाई बाल संरक्षण तथा सहभागिता सम्बन्धी नीति तर्जुमाका लागि आवश्यक पक्ष एवं प्रारूप तयारी प्रक्रियामा ज्ञान सीप सिक्नुका साथै अभ्यास गर्ने अवसर प्रदान गर्ने
- कार्यशालाबाट फर्केपछि आफ्नो विद्यालयमा गएर तत्काल गर्ने कार्यको योजना तय गर्ने

अपेक्षित उपलब्धी :

कार्यशालाको अन्त्यमा निम्न लिखित कुराहरू प्राप्त भएका हुने छन् :

- बाल संरक्षण र सहभागिता सम्बन्धी निर्देशिकाको साझा मस्यौदा तयार भएको हुने छ ।
- प्रत्येक साझेदार संस्थामा २/२ जना सहजकर्ताले बाल संरक्षण र सहभागिताका नीति तयारी सम्बन्धी आवश्यक सीप प्राप्त गरेका हुने छन् ।
- सहभागीहरूले आफ्नो विद्यालयमा फर्केर बाल संरक्षण तथा सहभागिता सम्बन्धी नीति तथा परिपाटी विकासका लागि सञ्चालन गर्नु पर्ने गतिविधि पहिचानका साथै तिनीहरूको स्पष्ट योजना तयार गरेका हुने छन् ।

**प्रथम दिन : २०६६/०९/२ गते, बिहिबार**

| क.सं. | विषय | विधि प्रक्रिया | समय अवधि |
|---|---|---|---|
| १. | शुभारम्भ स्वागत, परिचय उद्देश्य | अनौपचारिक/ प्रस्तुति | ३० मिनेट |

| | | | |
|---|---|---|---|
| २. | पुनरावलोकन<br>• अघिल्लो तालिमका विषयवस्तु<br>• तालिम पश्चात गरेका काम (सफलता, समस्या/चुनौती) | प्रश्नोत्तर, अनुभव आदान प्रदान सार | ३० मिनेट |
| ३. | बाल अधिकारको परिचय<br>• चार क्षेत्र<br>• सिद्धान्त<br>• बाल सहभागिता र संरक्षण विषयमा जोड | प्रस्तुति | ४५ मिनेट |
| ४. | • बाल संरक्षण के हो ?<br>• बाल संरक्षण नीति किन ?<br>• बालबालिकाले को को बाट हिंसा र दुर्व्यवहार भोग्दछन् ?<br>• बालबालिका माथि हुने नराम्रा काम (अपर ाध, दुर्व्यवहार र कमजोरी)<br>• विद्यालय मार्फत् बालबालिकाको सम्पर्कमा आउने व्यक्ति | कार्यशाला | २ घण्टा |
| ५. | कानुनी तथा नीतिगत आधारहरू<br>• कानुनी आधार (CRC, नेपाली कानुन, संविधान)<br>• बाल संरक्षण नीतिका मूल्य मान्यताहरू<br>• बाल संरक्षणका आधारशिलाहरू | प्रस्तुति | १ घण्टा |

**दोस्रो दिन २०६६/०९/३ गते, शुक्रबार**

| क्र.सं. | विषय | विधि | समय अवधि |
|---|---|---|---|
| १. | • व्यवहार निर्देशिका (विद्यालय<br>• आचार संहिता र जवाफदेहिता | कार्यशाला | २ घण्टा |
| २. | बाल संरक्षण नीतिको कार्यान्वयन प्रक्रिया | कार्यशाला/ प्रस्तुति | २ घण्टा |

| | | | |
|---|---|---|---|
| ३. | बाल सहभागिता<br>• के हो ? बाल सहभागिता अभ्यासबाट हुने फाइदा<br>• बाल सहभागिता सम्बन्धी विद्यालयहरूमा भएका असल प्रयास, विकृति र चुनौतीहरू | प्रस्तुति, कार्यशाला | १ घण्टा ३० मिनेट |
| ४. | कानुनी तथा नीति गत आधारहरू<br>• कानुनी आधार (CRC, नेपाली कानुन, अन्तरिम संविधान)<br>• मुल्य मान्यता, सिद्धान्त, Standard<br>• सहभागिताको भऱ्याङ्ग | प्रस्तुति | २ घण्टा |
| ५. | बाल सहभागिता सम्बन्धी नीति<br>• सहभागिताका क्षेत्रहरू<br>• विद्यालय तथा संस्थाले बाल सहभागिताको प्रवर्तन गर्न गर्नुपर्ने कार्यहरू (चरणबद्ध रूपमा)<br>• विद्यालय शिक्षकको व्यवहार निर्देशिक | प्रस्तुति, कार्यशाला | २ घण्टा |

**तेस्रो दिन २०६६/०९/४ गते शनिबार**

| क्र.सं. | विषय | विधि | समय अवधि |
|---|---|---|---|
| १. | नीतिको कार्यान्वयन<br>• बाल सहभागिताको निम्ति विद्यालयको संरचनात्मक व्यवस्था<br>• अनुगमनका लागि चेक लिष्ट (Monitoring check list)<br>• क्षमता विकास (Capacity Building) | कार्यशाला | २ घण्टा |
| २. | बाल संरक्षण र सहभागिता सम्बन्धी नीति विकास गर्न विद्यालयमा संचालन गरिने चरणबद्ध गतिविधिहरू तथा तीनको समय यो जना | प्रस्तुती, छलफल र योजना | १ घण्टा |
| ३. | समापन | समारोह | ३० मिनेट |

कार्यतालिका आवश्यकता अनुसार फेरवदल गर्न सकिने छ ।

*अनुसूची ३*

## तालिमका सहभागीहरू तथा सहजकर्ताहरू

**चिल्ड्रेन–नेपाल**

**बालबालिकाद्वारा समावेशी र सुरक्षित वातावरण सिर्जना कार्यक्रम**

**बाल संरक्षण र सहभागिता सम्बन्धी नीति तर्जुमा निर्देशिका तयारी कार्यशाला**

**(पौष २–४, २०६६)**

| क्र.स. | सहभागीको नाम | संस्था/विद्यालयको नाम |
|---|---|---|
| १. | प्रेमप्रसाद पराजुली | श्री सिद्धबराह उ.मा.वि., चापाकोट, कास्की |
| २. | सरिता पराजुली | श्री सिद्धबराह उ.मा.वि., चापाकोट, कास्की |
| ३ | युवराज पाण्डे | श्री टप्स उ.मा.वि., पोखरा, कास्की |
| ४ | चेतमाया गुरूङ | श्री टप्स उ.मा.वि., पोखरा, कास्की |
| ५ | गीता पौडेल | माछापुच्छ्रे विकास सङ्घ, कास्की |
| ६. | हरिराम भण्डारी | माछापुच्छ्रे विकास सङ्घ, कास्की |
| ७ | गणेश बहादुर जि.सी. | हिमाली बाल कल्याण संरक्षण मञ्च, कास्की |
| ८ | विष्णुमाया लामा | हिमाली बाल कल्याण संरक्षण मञ्च, कास्की |
| ९ | जानुका देवी पौडेल | श्री नव जागृत उ.मा.वि. तिलाहार, पर्वत |
| १० | मुक्तिराम जैसी | श्री नवजागृत उ.मा.वि., तिलाहार, पर्वत |
| ११ | दिपकराज रेग्मी | श्री भवानी विद्यापीठ उ.मा.वि., पर्वत |
| १२ | भरत शर्मा लम्साल | श्री भवानी विद्यापीठ उ.मा.वि., पर्वत |
| १३. | राम बहादुर क्षेत्री | नेष्डो–नेपाल, पर्वत |
| १४. | गंगामाया वि.क. | नेष्डो–नेपाल, पर्वत |
| १५. | देवराज गिरी | सीड–नेपाल, पर्वत |
| १६ | सरीता गिरी | सीड–नेपाल, पर्वत |
| १७. | चिन्तामणी तिमिल्सिना | श्री क्यामिन उ.मा.वि., तनहुँ |
| १८. | सन्तोष न्यौपाने | श्री क्यामिन उ.मा.वि., तनहुँ |
| १९. | दयाराज कट्टेल | श्री क्यामिन उ.मा.वि., तनहुँ |
| २०. | टीकाराम दाहाल | श्री सर्ब ज्योति मा.वि., तनहुँ |
| २१. | तीर्थराज पौडेल | श्री सर्ब ज्योति मा.वि., तनहुँ |
| २२. | पदम बहादुर मिश्र | निडा, तनहुँ |
| २३. | मन्जु खनाल | निडा, तनहुँ |
| २४. | मीना गुरुङ | चेस, तनहुँ |
| २५. | विनु गुरुङ | चेस, तनहुँ |
| २६. | यम सारु मगर | चेस, तनहुँ |

**सहजकर्ताहरू :**

| क्र.सं. | सहजकर्ताको नाम | संस्थाको नाम |
|---|---|---|
| १. | रामचन्द्र पौडेल | चिल्ड्रेन–नेपाल |
| २. | शिवशर्मा चापागाई | चिल्ड्रेन–नेपाल |
| ३. | शारदा शर्मा | चिल्ड्रेन–नेपाल |
| ४. | डिल्लीप्रसाद शर्मा | चिल्ड्रेन–नेपाल |

**सहयोगी सहजकर्ताहरू**

| क्र.सं. | नाम | संस्थाको नाम |
|---|---|---|
| १. | कृष्ण पौडेल | जिल्ला संयोजक कास्की, चिल्ड्रेन–नेपाल |
| २. | रमेश सुवेदी | जिल्ला संयोजक, तनुहँ, चिल्ड्रेन–नेपाल |
| ३. | जुना देवी नेपाली | जिल्ला संयोजक, पर्वत, चिल्ड्रेन–नेपाल |

*अनुसूची ४*

**बालसंरक्षण नीति विकास गर्दा सम्बन्धित विद्यालयद्वारा अपनाउनु पर्ने न्यूनतम प्रक्रिया**

नीति र परिपाटी विकास गर्नु जति महत्त्वपूर्ण मानिन्छ त्यो भन्दा बढी महत्त्व तयार गरिएको नीति तथा परिपाटीको कार्यान्वयन पक्ष हुन्छ । जव सम्म नीति विकास गर्दा सम्बन्धित पक्षहरूको पूर्ण सहभागिता सुनिश्चित हुँदैन तव नीतिमा अपनत्व हुँदैन, नीतिमा सम्बन्धित पक्षको न्यून जवाफदेहिता रहन्छ । फलस्वरूप त्यस्तो नीति प्रभावकारी रूपमा लागू हुन सक्दैन । बालबालिकाको संरक्षणको सवाल स्वयम् बालबालिकासँग नितान्त सरोकारको विषय हुनुका साथै बालसंरक्षण सुनिश्चित गर्न जवाफदेही पक्षको रूपमा रहेका अभिभावक तथा संस्थाका शिक्षक, कर्मचारी एवं व्यवस्थापन पक्षको अर्थपूर्ण सहभागितामा नीति विकास गर्न जरूरी हुन्छ । नीतिको कार्यान्वयनको प्रभावकारीता नीति निर्माणमा सम्बन्धित पक्षको सहभागिता सुनिश्चितताको तहमा भर पर्ने भएको हुँदा सवै पक्षहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी सामूहिक प्रयास र संस्थागत अगुवाईमा बालसंरक्षण नीति विकास गर्नुपर्दछ । जसका लागि निम्न लिखित न्यूनतम प्रक्रियालाई अपनाउन सिफारिस गरिन्छ ।

क) नीति विकासका लागि संस्थागत निर्णय :

विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षक, अभिभावक संघ प्रतिनिधि तथा बाल क्लव प्रतिनिधिहरुको समेत उपसिथितिमा विद्यालय व्यवस्थापन समितिद्वारा आफ्नो विद्यालयमा बाल संरक्षण नीति विकास गरी व्यवहारमा ल्याउन संस्थागत रुपमा निर्णय गर्ने कार्यबाट बाल संरक्षक नीति विकासको कार्य अगाडि वढ्दछ ।

ख) सामूहिक प्रतिवद्धता

बालसंरक्षणको आवश्यकता एंव औचित्यताको सम्वन्धमा छलफल चलाउदै विद्यालय व्यवस्थापन, शिक्षक, अभिभावक तथा बाल प्रतिनिधिहरु सामुहिक रुपमा विद्यालयमा बाल संरक्षण नीति तथा परिपाटी विकास गरी व्यवहारमा ल्याउन सामुहिक प्रतिवद्धता सुनिश्चित गर्ने कार्य नीति विकासको महत्वपूर्ण पक्ष हो । मा संरक्षण नीति निर्माणको निम्ति सामूहिक प्रतिबद्धता र संस्थागत निर्णय शिक्षक/कर्मचारी तथा व्यवस्थापन समूह सदस्य, बालबालिका र अभिभावकको प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने ।

ग) बालसंरक्षण नीति निर्माण कार्यशाला

यस समस्याको पहिचान गरी नीति निर्माणको लागि आवश्यक प्रक्रिया तय गर्ने साथै नीतिका खाकाहरू तयार गर्ने । कार्यशालाको अन्त्यमा कार्यदलको गठन गर्ने । व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक, अभिभावक, शिक्षक अभिभावक संघ प्रतिनिधिहरूबीच बालसंरक्षणसम्बन्धी नीति विकास कार्यशाला सञ्चालन गर्ने। (नोटः कार्यशाला २ दिन) आवश्यकता अनुसार कार्यशाला लामो र छोटो हुन सक्दछ ।)

घ) कार्यदलको गठन

बालसंरक्षण नीति विकासको निम्ति कार्यदल (Task group/committee) (३ जनाको) गठन र जिम्मेवारी हस्तान्तरण गरी बाल संरक्षण नीतिको लेखन गर्ने । (काम : आचार संहिता निर्धारण पृष्ठपोषण संकलन)

ङ) परामर्श/अन्तरक्रिया

बालबालिकाहरू र अभिभावकसँग छुट्टाछुट्टै परामर्श गोष्ठी/अन्तरक्रिया १ दिने सञ्चालन गर्ने। यसमा खेस्रा गरिएको नीतिमा पृष्ठपोषण लिने तथा बालबालिका र अभिभावकहरूको तर्फबाट सवालहरू, अपनाउनु पर्ने नीति र आचारसंहिताहरू सम्बन्धमा परामर्श गरी राय संकलन गर्ने । बालबालिका र अभिभावकहरूबाट प्राप्त सुझावहरूको आधारमा मस्यौदा नीतिमा आवश्यक परि मार्जन गरी नीतिको अन्तिम रूप दिने।

च) संरचनाको विकास

संस्थामा संलग्न सबै पक्षहरू सक्रिय संलग्नतामा बालसंरक्षण नीति अन्तिम रूप तयार गरी सके पछि नीतिमा व्यवस्था भए बमोजिम बालसंरक्षण संस्थामा बालसंरक्षण अफिसरको व्यवस्था, सुनुवाई समिति गठन तथा कार्य जिम्मेवारी हस्तान्तरण, परामर्श कक्ष, दराज, रेकर्ड फाइलिङ्ग आदिको व्यवस्था, आवश्यकता अनुसार संस्थाका कर्मचारीहरूको व्यवस्थापन समेत गरी नीति कार्यान्वयनका लागि संस्थामा व्यवस्थित संरचना गर्नुपर्दछ। आवश्यक तयारी विना लागू गरिएको नीति व्यावहारिक कार्यान्वयन हुन कठिन पर्दछ ।

छ) तालिम तथा क्षमता विकास

बालसंरक्षण नीति विकास गर्दै जाँदा कार्यकर्ताहरूको पनि सो सम्बन्धमा सोझबुझ र क्षमता अभिबृद्धि हुँदै जान्छ तथापि बालसंरक्षण नीतिलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न नीतिमा उल्लेख भए बमोजिम वा अन्य समसामायिक विषयहरूमा संस्थाका कर्मचारी, व्यवस्थापन, सदस्य, स्वयसेवक तथा प्रत्यक्ष सेवा पाउने बालबालिका र अभिभावकहरूको निम्ति चरणबद्ध रूपमा तालिमका अवसर सिर्जना गरी उनीहरूको चेतना र क्षमता विकासको अवसर सुनिश्चित गर्नुपर्दछ। सम्बन्धित पक्षको क्षमता विकास विना नीतिको कार्यान्वय गर्दा कहिलेकाहीँ सबै अभिशाप पनि हुन सक्दछ ।

ज) नीति कार्यान्वयनको घोषणा

नीतिको कार्यान्वयन/अभ्यासका लागि सामूहिक प्रतिबद्धता तथा कार्यान्वयनका लागि संस्थागत निर्णय र कार्यान्वयनको घोषणा तथा नीतिको सार्वजनीकरण गर्ने र प्रकाशित नीतिलाई आवश्यकता अनुसार वितरण समेत गर्ने ।

*अनुसूची ५*

## सन्दर्भ सामग्रीहरू


- बालबालिकाहरूको हकहित सम्बन्धी ऐन २०४८ नियमावली २०५१
- बालअधिकार महासन्धि सन् १९८९
- नेपालको अन्तरीम संविधान २०६३
- बाल संरक्षण नीति तथा प्रक्रिया २०६५, चिल्ड्रेन-नेपाल
- बाल सहभागिता निर्देशिका केन्द्रिय बाल कल्याण समिति
- बाल अधिकार सङ्क्षिप्त जानकारी, चिल्ड्रेन-नेपाल
- शिक्षा नियामावली २०५९ (तेस्रो संशोधन २०६२/०२/२५)
- शिक्षा क्षेत्रमा क्रियाशील व्यक्ति तथा समूहहरूका लागि शैक्षिक आचार संहिता २०६३